मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १०९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन २३ गते शुक्रवार (Friday, March 6. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ फागुन २५ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७


कोरोनाको त्रास

# भीडभाडमा नजान चिकित्सकको सुझाव

**बिर्तामोड, फागुन २२।** विश्वका विभिन्न देशमा नोबल कोरोना भाइरसको संक्रमण बढिरहेका बेला झापाका चिकित्सकहरुले भीडभाडमा नजान सुझाव दिएका छन् ।

सामाजिक सञ्जालमा गलत हल्ला फैलाउँदा मानिसमा त्रास बढेको भन्दै चिकित्सकहरुले संयमित हुन आग्रह गरेका छन् । कोरोना भाइरस मानिसबाट मानिसमा सर्ने भएकाले बढी भीडभाड हुने क्षेत्रमा नजान भन्दै उनीहरुले स्वास्थ्यको ख्याल गर्न सुझाव दिएका छन् ।

मेची अञ्चल अस्पतालका सुपरिटेण्डेन्ट डा. पिताम्बर ठाकुरले चीनको बुहानबाट फैलिएको कोरोना भाइरस क्रमशः अन्य देशमा पनि फैलिनेक्रम तीव्र रहेको भन्दै नेपालमा सतर्कता अपनाउनुपर्ने बताए । उनले विभिन्न समयमा फैलिएका प्रकोप जस्तै कोरोना भाइरस पनि एउटा प्रकोप भएकाले यसबाट आत्तिहाल्नुपर्ने अवस्था नरहेको बताए ।

उनले रुघाखोकी लागेका व्यक्तिबाट टाढै रहन आग्रह गर्दै रुघाखोकी लाग्दैमा कोरोना भाइरस नहुने उल्लेख गरे । डा. ठाकुरले भीडभाड तथा विभिन्न महोत्सव, सम्मेलन लगायत बढी भीड हुने क्षेत्रमा नजान र आफ्नो स्वास्थ्यको सुरक्षा आफैं गर्न आग्रह गरेका छन् । उनले मासु पकाएर मात्रै खान सुझाव दिँदै दैनिक १० पटकसम्म हात साबुन पानीले धुन सुझाव दिए ।

कोरोना भाइरस ३५ डिग्री तापक्रममा राखे मर्ने भएकाले तातो पानी खान, मास्क लगाउन र खोक्दा मुख छोप्न आग्रह गरेका छन् । उनले गलत हल्लाको पछि नलागी आफ्नो स्वास्थ्यको ख्याल गर्न सर्वसाधारणलाई सुझाव समेत दिएका छन् ।

त्यस्तै पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटलका डा. मनिष सुवेदीले कोरोना भाइरस हावाबाट नफैलने बताए । उनले यो संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले कसैमा यसको संक्रमण भएको आशंका गरिएमा त्यो

(बाँकी अन्तिम पृष्ठमा)

## ‘सतर्कता अपनाऔं’



पार्थ मण्डल

**भद्रपुर, फागुन २२।** कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि जिल्ला प्रशासन कार्यालय झापाले जिल्लाका सबै निकायलाई तयारी अवस्थामा

(बाँकी अन्तिम पृष्ठमा)

## मोरङमा होली नखेल्न उर्दी

**इटहरी, फागुन २२।** कोरोना भाइरसको उच्च जोखिमको कारण देखाउँदै होली नखेल्न जिल्ला प्रशासन कार्यालय मोरङले उर्दी जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी मदन भुजेलद्वारा हस्ताक्षर गरिएको एक ‘अन्यत्नै जरुरी’ भनिएको सूचना मार्फत यस्तो उर्दी जारी भएको हो ।

उर्दीमा भनिएको छ- ‘कोरोना भाइरसको (कोभिड १९)को विश्वव्यापी संक्रमण र सो संक्रमणबाट नेपाल समेत उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनबाट प्रवाहित सूचनालाई मध्यनजर राखी मोरङ जिल्लाभित्र यस

(बाँकी अन्तिम पृष्ठमा)

## सरकारका ११ निर्णय सार्वजनिक

**झापा, फागुन २२।** सरकारले मास्कको आपूर्ति र उत्पादन बढाउने विषयमा निजी क्षेत्रसँग सहकार्य भइरहेको बताएको छ ।

नेपालमा कोरोना भाइरस (कोभिड-१९) को प्रभाव नदेखिएको बताउँदै सरकारले संक्रमण हुनै नदिने गरी उच्च सुरक्षा सतर्कता अपनाइएको जनाएको छ । बिहीबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्रालयको जिम्मेवारी समेत सम्हालिरहेका अर्थमन्त्री युवराज खतिवडाले सरकार र स्वास्थ्य मन्त्रालयले उच्च प्राथमिकतामा राखेर नियन्त्रणको प्रयास गरिरहेको बताए ।

खतिवडाले कोरोना भाइरस नियन्त्रणका लागि अहिले प्रदेश र स्थानीय सरकारसँग छलफल गरी अगाडि बढिरहेको बताए । कोरोनाका कारण पर्यटन, व्यापार लगायतका क्षेत्रमा असर पर्ने अनुमान गरिएको उनले बताए । लगानीका अवसर, बजार आपूर्तिका सन्दर्भमा प्रभाव पर्ने कुराहरुको अनुमान गर्न सकिने मन्त्री खतिवडाले बताए ।

अर्थमन्त्री खतिवडालाई शेयर बजारले तपाईंलाई नरुचाएको हो ? भनेर पत्रकारले सोधेको प्रश्नमा खतिवडाले

(बाँकी अन्तिम पृष्ठमा)

## हतियारसहित विप्लव कार्यकर्ता पक्राउ

**झापा, फागुन २२।** पूर्वी पहाडी जिल्ला भोजपुरबाट सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेकपाका जिल्ला सदस्य हतियारसहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा टेम्केमैयुङ गाउँपालिका-१ तिम्मा घर भएका जिल्ला सदस्य समुत परियार रहेको प्रहरीले जनाएको छ ।

उनको साथबाट बम बनाउन प्रयोग गरिने डेटोनेटर दुई थान, थ्रीनट थ्री

(बाँकी अन्तिम पृष्ठमा)

## प्रहरीलाई प्रलोभनमा पार्दा...

**झापा, फागुन २२।** चाँगुनारायण नगरपालिका-२ दुवाकोटबाट खटिएको प्रहरीलाई नगद २ हजार रुपैयाँ दिई आर्थिक प्रलोभनमा पार्न खोज्ने खोटाङ घर भई भक्तपुर दुवाकोट बस्ने २४ वर्षीय सुजन थापालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

उक्त स्थानमा दुवाकोटबाट सल्लाघारीतर्फ जाँदै गरेको बा४ख ३४५१ नम्बरको बालुवा लोड भएको मिनीट्रक प्रहरीले जाँच गर्ने क्रममा मिति नभएको बिल फेला पारी कारबाही गर्न खोज्दा थापाले प्रहरीलाई उक्त नगद दिन खोजेका थिए ।


**हार्दिक निमन्त्रणा**

यस अर्जुनधारा जलेश्वरधाम व्यवस्थापन समितिको ३१औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा उपस्थितिको लागि सम्पूर्ण आजीवन सदस्य, सल्लाहकार एवम् दाता महानुभावहरुमा विनम्रतापूर्वक अनुरोध गर्दछौं ।

मितिः २०७६ फागुन २४ गते शनिवार
समयः विहान ११:०० बजे
स्थानः अर्जुनधारा जलेश्वरधाम परिसर (०२३-४६५२५५)

**अर्जुनधारा जलेश्वरधाम व्यवस्थापन समिति, अर्जुनधारा-७, झापा**

**पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा फागुन २४ गते शनिवारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**डाक्टर आउने बारेको सूचना**


डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइग्नोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

**हार्दिक बधाई**



हाम्रा आदरणीय मित्र, युवा व्यवसायी, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष, सामाजिक व्यक्तित्व **बिनोद बस्नेत** यही फागुन २० गते मंगलवारका दिन सम्पन्न झापा गोल्डकपको साधारणसभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत चयन हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण कार्यसमितिका सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै झापा गोल्डकपका लागि तपाई नेतृत्वको कार्यकाल रचनात्मक र सफल होस् भन्ने शुभेच्छासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**भेषराज भण्डारी (प्रशान्त)ः** महासचिव **कुमार भट्टराईः** अध्यक्ष

एवम् **बिर्तामोड उद्योग वाणिज्य संघ परिवार**

**ADMISSIONS GOING ON**

**M.B.A**

01 Evening Classes
Globally Recognized Degree.
02 2 years (4 Semester) Course
Approved by ministry of Education, Nepal
03 5 days a Week
T.U. Equivalent Degree.



**Balmiki lincoln College**
Birtamode, Jhapa
023-542373/ 9815999988
Balmiki.lincoln@gmail.com
Facebook.com/Balmikilincoln

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

**डा. बिकाश जैशी**
MBBS, MD (INTERNAL MEDICINE)
DM (HEPATOLOGY) NAMS
वरिष्ठ लिवर (कलेजो), पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ
यसपटक २०७६/११/२४ आईतवार
बिर हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**डा. अभिलाशा शाह**
MBBS, MD (INTERNAL MEDICINE)
Fellowship in Rheumatology & clinical Immunology (Sir Gangaram Hospital, Delhi)
वरिष्ठ बाथ रोग विशेषज्ञ
यसपटक २०७६/११/३० शुक्रबार र १२/०१ शनिवार नर्भिक हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस । बिर हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**प्रा.डा. गौरवराज ढकाल**
MBBS, MS (KU)
ASSI FELLOWSHIP (PARK CLINIC KOLKOTA, INDIA) NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) ढाड,कम्मर, गर्धन रोग विशेषज्ञ/सर्जन
यसपटक २०७६/११/२४ शनिवार
राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**२४सै घण्टा उपलब्ध सेवाहरु**

- आकस्मिक तथा आपतकालिन सेवा
- फार्मेसी सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- जनरल फिजिसियन चिकित्सा सेवा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- हाडजार्नी तथा नशा शल्यचिकित्सा
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी

जानकारी तथा नाम दर्ताको लागि

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं ।

# कनकाईमा आज गंगा आरती



**चारपाने, फागुन २२।** कनकाई नगरपालिकास्थित कनकाई माई पूर्वीतटमा बृहत् कनकाई माई गंगा आरती आयोजना हुने भएको छ ।

धार्मिक पर्यटन प्रवर्द्धन र वातावण संरक्षण र शुद्धीकरण गर्ने अभियान अनुसार कनकाई माई गंगा आरती गर्न लागिएको मंगलबार कनकाई नगरपालिकाको सभाहलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिइएको हो ।

ग्लोवल मल्टी कल्चर अर्गनाइजेशन नेपालको आयोजनामा हुने आरतीको व्यवस्थापन कनकाई उद्योग वाणिज्य संघ सुरुङ्गाले र संरक्षकका रुपमा कनकाई नगरपालिका र कनकाई धाम धार्मिक विकास संस्था कोटीहोम रहने कार्यक्रममा जानकारी दिइयो ।

झापाको करिब बीच भागबाट बग्ने जिल्लाको सबैभन्दा ठूलो र पवित्र नदी कनकाई माईको विशेष धार्मिक महत्व रहेको छ । पौराणिक कालमा कनकाई नदीमा सुन भेटिने र सुन भएको पानी पवित्र हुने भएकोले कनकाईमा स्नान गर्ने प्रचलन शुरु भएको भनाइ छ । यस नदीको धार्मिक र वैज्ञानिक मान्यतालाई अझ व्यापक बनाउन कनकाई माई गंगा आरतीले महत्वपूर्ण भूमिका खेल्ने भएकोले यस कार्यलाई पूर्णता र निरन्तरता दिन नगरपालिका संरक्षक बनेर सहयोग गर्ने नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले बताएका छन् ।

फागुन २३ गते शुक्रबार हुने गंगा आरतीमा पाँच हजार सर्वसाधारणको सहभागिता गराइने, स्थानीय संघ-संस्था, समाजसेवी, धर्मप्रेमी महानुभावहरुको पूर्ण साथ रहेको कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष त्रिलोचन चिमरियाले बताए । धर्म-संस्कृति नै पर्यटनको मुख्य आधार भएकोले आन्तरिक रुपमा भए पनि यस्ता कार्य गर्न जरुरी रहेको उनले बताए ।

मनको शुद्धी, वायुलाई स्वच्छ बनाउन आरती महत्वपूर्ण माध्यम हो, यो धार्मिक मान्यता सँगै विज्ञानले पनि पुष्टी गरेकोले सात वटै प्रदेशमा नियमित गंगा आरती गराउने अभियान अन्तर्गत प्रदेश १ को कनकाईबाट अभियानको थालनी गर्न लागिएको आयोजक संस्था ग्लोवल मल्टी कल्चर अर्गनाइजेशन नेपालका अध्यक्ष एवम् कार्यक्रमका सभाध्यक्ष लक्ष्मीप्रसाद बुढाथोकीले बताए । उनले भने- 'कनकाई माईमा गंगा आरतीसहित आयोजना गर्न लागिएको तीन दिने धार्मिक महोत्सवको तयारी पूरा भइसकेको अवस्थामा सरकारले कोरोना भाइरसका कारण सबै कार्यक्रम स्थगित गर्न गरेको सूचना अनुसार दुई दिनको कार्यक्रम स्थगित गरी फैलिने भाइरस र दुषित हावालाई शुद्ध पार्न गंगा आरती मात्रै गरिन लागेको हो ।'

कार्यक्रममा कनकाई वडा नं. ४ का अध्यक्ष गोविन्द पौडेल, कनकाई धाम धार्मिक विकास संस्था कोटीहोमका अध्यक्ष नवलकिशोर दत्त, क्षितिज नाट्य समूहका अध्यक्ष माधव कल्पित, नेपाल-भारत मैत्री संघका भवानी लुइँटेल, कनकाई वडा नं. ८ का अध्यक्ष प्रेमबहादुर कटुवाल लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन कनकाई उद्योग वाणिज्य संघका महासचिव तुलसी विमलीले गरेका थिए ।

### अभियन्ता भन्छन् –

## मन शुद्ध पार्न आरती अनिवार्य

पं. धर्मदास बुढाथोकी 'शास्त्री' जसले पछिल्लो समय देश-विदेशमा आध्यात्म, संस्कार-संस्कृति र संगीतका माध्यमबाट विश्वभरका नेपालीलाई जोड्ने काम गरिरहेका छन् ।

आध्यात्मिक चिन्तन र संगीतको माध्यमबाट गंगा आरती गर्दा मनोकामना पूरा हुने र मन शान्त हुने विश्वासका साथ अहिले देशका पवित्र तीर्थस्थलहरुमा गंगा आरती भइरहेको छ ।

पं. बुढाथोकीकै अगुवाइमा सन् २००७बाट काठमाडौंको बाग्मतीको तटीय क्षेत्रमा गंगा आरती शुरु भएको थियो । त्यसकै सिको गर्दै पशुपति, मनकामना, जनकपुरधाम लगायतका तीर्थस्थलहरुमा गंगा आरती हुँदै आएको छ ।

यसैक्रममा झापाको कनकाई माईमा समेत गंगा आरती गर्न लागिएको छ । कनकाई माईमा आज शुक्रबार गंगा आरती गरिँदैछ ।

धार्मिक, पर्यटन र वातावरण शुद्धीकरण गर्ने अभियान स्वरुप ग्लोवल मल्टिकल्चर अर्गनाइजेशन नेपालको आयोजनामा गंगा आरती गर्न लागिएको हो । पाँच सुयोग्य पण्डितहरुद्वारा आरती गरिने पं. बुढाथोकीले बताए । मानव जगतमा शान्ति, प्रेम, आनन्द दिलाउँदै जागरणका लागि आरती गर्न लागिएको उनले बताए ।

गंगा आरती गर्दा संगीतमय मन्त्रको गायनले मनलाई शान्ति बनाउने पं. बुढाथोकी बताउँछन् । मानव जीवनमा भएका सम्पूर्ण पाप पखाल्दै आनन्दमय वातावरण सृजनाका लागि गंगा आरती अनिवार्य रहेको बुढाथोकीको भनाइ छ ।

पानी बिना जीवन सञ्चालन हुन नसक्ने र गंगा अर्थात् पानी र मानव शरीरलाई पानी अतिआवश्यक रहेकाले कनकाईलाई गंगा जल मान्दै आरती गर्न लागिएको बुढाथोकीको भनाइ छ ।

२०६४ साल श्रावण २१ गते सोमबारका दिनदेखि हाम्रो आस्थाको केन्द्र श्री पशुपतिनाथ मन्दिर, बाग्मती नदीतट, आर्यघाट, ब्रह्मनालको पूर्वी किनारा खुल्ला प्राङ्गण, पवित्र स्थलमा आ-आफ्नो धर्म संस्कृति, परम्परा, संस्कार नछोडौं, यसलाई संरक्षण, सम्बर्धन गर्दै अगाडि बढाऔं भन्ने आध्यात्मिक भावनाको जागरण गराउने उद्देश्यले शुरु गरिएको



प्रभावकारी मन्त्रगायनसहितको श्री पशुपतिनाथ एवम् वाग्मती गंगा आरती प्रत्येक साँझमा सांगीतिक रुपले भजन कीर्तनसहित शुभारम्भ भइ सोही अनुसार हाल सम्म निरन्तर सञ्चालन भइरहेको छ ।

कनकाई माईमा पनि शुरु गरिने आरतीलाई प्रत्येक दिन गर्न झापावासीले आफ्नो विशेष दिनमा एक जनाले मात्रै गर्ने हो भने पनि त्यसले निरन्तरता पाउने पण्डित बुढाथोकीको भनाइ छ । आ-आफ्ना मनका इच्छा, चाहना, उद्देश्य परिपूर्ति हुन् भनी भक्तजनहरुले पुजनकर्ता भक्त बनेर संकल्प पूजन गरी, आरतीका दीप प्रज्ज्वलन गर्न सक्ने पं. बुढाथोकीले बताएका छन् ।

आजको संसार भौतिक रुपले विकसित, प्रविधि सम्पन्न, सुविधायुक्त र सहज आवागमनको भएको छ । यसमा बसेका र बस्ने मानिस अत्यन्त भाग्यमानी र सुखशान्तिले भरपुर छन् भन्ने लाग्छ । तर, यथार्थ यस्तो छैन । आजका मानिस भौतिक रुपले सम्पन्न भएपनि मानसिक रुपले अत्यन्त दुःखी र अशान्त छन् । किनभने अझै केही पाउन बाँकी नै छ । अर्थात् मानवसँग एक पक्ष जोडिएको छ । जसले गर्दा अपूर्ण छ अधुरो छ मानव जीवन । फलतः ऊ सुख शान्ति र आनन्दबाट बञ्चित छ । त्यो छोडिएको पक्ष हो- अध्यात्मिक पक्ष । जसलाई हामीले आफ्नो जीवनमा जोड्नुपर्छ- पण्डित बुढाथोकीले पूर्वाञ्चलकर्मीसंगको कुराकानीमा भने - देखिने सबै बस्तु भौतिक हुन्, नदेखिने तर मन, बुद्धि, विवेकले महशुस गर्ने, थाह पाउने तत्व आध्यात्मिक हो । यी दुवैको सुसंयोजन भए मात्र मानव जीवन सार्थक बन्छ । सुख, शान्ति, आनन्दको महशुस हुन्छ । तसर्थ आजबाट शुरु हुने गंगा आरतीमा सबैलाई सहभागी बन्न आग्रह गर्छु ।

## पारिजात क्वाटरफाइनलमा

**अर्जुनधारा, फागुन २२।** पारिजात महिला फुटबल क्लब झापाको अर्जुनधारामा जारी प्रदेश १ स्तरीय महिला फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपको क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

टाइब्रेकरमा जिल्ला फुटबल संघ पाँचथरलाई ३-१ गोलअन्तरमा पराजित गर्दै पारिजात क्वाटरफाइनलमा प्रवेश गरेको हो । अर्जुनधारा-९स्थित नमूना खेलमैदानमा भएको खेलमा निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो ।

टाइब्रेकरमा पारिजातकी सुस्मिता लेप्चा, निलु तिर्की र अङ्गिता तामाङको प्रहार गोलमा परिणत भएको थियो । त्यस्तै, पाँचथरकी फिस्टी राईको प्रहारले मात्र पारिजातको जाली चुमेको थियो ।

खेलको वुमन अफ द म्याच घोषित पारिजातकी सुस्मिता लेप्चालाई आयोजक सुखानी शहीद स्मृति प्रतिष्ठानका उपाध्यक्ष टंक भट्टराईले नगद ३ हजारसहित ट्रफी प्रदान गरेका थिए ।

शुक्रबारको खेल कनकाई नगर खेलकुद विकास समिति झापा र बसाह क्लब उदयपुरबीच हुने बताइएको छ ।

## ब्राउन सुगरसहित दुई जना पक्राउ

**झापा, फागुन २२।** झापाको काँकरभिट्टा-६ भन्सार मूलगेट अगाडिबाट लागूऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा इलाम चुलाचुली गाउँपालिका-४का २७ बर्षीय निशान राई र झापा दमक-१का २४ बर्षीय रोशन पोद्दार रहेका छन् ।

विहीवार अपरान्ह सवा ३ बजे को९प ३६३१ नम्बरको मोटरसाइकलमा सवार गरी आएका दुवै जनालाई नियन्त्रणमा लिई मोटरसाइकल चेकचाँच गर्ने क्रममा मोटरसाइकलको ट्याङ्की भित्र प्लास्टिकमा पोको पारेर लुकाईछिपाई राखिएको अवस्थामा २६ ग्राम खैरो हेरोइन ब्राउनसुगर फेला पारी बरामद गरिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## चेक वाउन्स हुँदा ....

**झापा, फागुन २२।** बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादीलाई प्रहरीले विहीवार चन्द्रागिरीबाट पक्राउ गरेको छ । खोटाङ याम्खा घर भई काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला बस्ने ३२ वर्षीय मोहन राईलाई पक्राउ गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए ।

उनीमाथि रु. नौ लाख चेक बाउन्स भएको आरोपमा बैंकिङ कसुर मुद्दा चलाइएको छ । उक्त मुद्दापछि फरार रहेका राईलाई झापाबाट काठमाडौं आउँदै गरेको यात्रुवाहक बसमा फेला पारी प्रहरीले पक्राउ गरेको हो । राईलाई थप अनुसन्धान तथा कारवाहीका लागि महानगरीय प्रहरी बृत्त बानेश्वर पठाइएको महानगरीय प्रहरी वृत्त थानकोटले जनाएको छ ।

## सतर्कता ...

रहन निर्देशन जारी गरेको छ ।

छिमेकी राष्ट्र चीनपछि अहिले भारतमा समेत कोरोना भाइरसका संक्रमित बिरामी देखा परेपछि प्रशासन कार्यालय झापाले जिल्लाका सीमा नाका, विमानस्थल, भीडभाड हुने स्थानलाई लक्षित गर्दै सबै निकायलाई उच्च सतर्कतामा रहन निर्देशन जारी गरेको हो ।

कोरोना भाइरसबाट जिल्लावासीलाई बचाउन प्रशासन कार्यालयका कर्मचारीसहित सबै सरकारी निकाय, जनस्वास्थ्य कार्यालय, स्वास्थ्यकर्मी, अस्पताल, रेडक्रस, प्रहरीलाई सतर्कमा रहन निर्देशन जारी गरिसकेको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए । 'अहिले कोरोना भाइरसले विश्वलाई आतङ्कित बनाएको छ'- प्रमुख जिल्ला अधिकारी राना मगरले भने- 'झापावासीलाई यस भाइरसबाट जोगाउन हामीले जनचेतनामूलक कार्यक्रम सञ्चालन शुरु गरेका छौं, यसका लागि प्रशासन कार्यालयले एक साताअघि नै सबै सरोकारवाला पक्षसँग यस बारेमा छलफल गरी रोकथाम तथा नियन्त्रणका लागि विभिन्न निर्णय गरिसकेका छौं ।' साथै विभिन्न सामाजिक सञ्जाल, जनचेतनामूलक कार्यक्रम, वेबसाइटको माध्यमबाट पनि प्रचारप्रसारलाई तीव्र बनाइएको उनले बताए ।

### विमानस्थलमा परीक्षण कक्ष स्थापना

भद्रपुरस्थित चन्द्रगढी नागरिक उड्डयन कार्यालय परिसरमा बिहीबारदेखि कोरोना भाइरस परामर्श तथा प्राथमिक परीक्षण कक्ष स्थापना गरिएको छ ।

विमानस्थलबाट काठमाडौं जाने र काठमाडौंबाट फर्किने हवाई यात्रुलाई लक्षित गरी परीक्षण कक्ष स्थापना गरिएको चन्द्रगढी नागरिक उड्डयन कार्यालयका प्रमुख पूर्ण चुडालले जानकारी दिए ।

भद्रपुर नगरपालिकाको व्यवस्थापन तथा प्रशासन कार्यालय झापा र स्वास्थ्य कार्यालयको समन्वयमा स्थापना गरिएको परीक्षक कक्षको एक संक्षिप्त कार्यक्रमका बीच उद्घाटन गरिएको छ । झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरको नेतृत्वमा पुगेका टोलीले काठमाडौंबाट भद्रपुर आएका बुद्ध एयरका यात्रुलाई चेकजाँच गर्दै परीक्षण कक्षको उद्घाटन गरेका हुन् । विमानस्थलकै प्रवेशद्वारमा स्थापना गरिएको सो कक्षमा स्वास्थ्यकर्मी खटाइएको छ । स्वास्थ्यकर्मीलाई चाहिँले आवश्यक स्वास्थ्य सामग्रीसहित 'थर्मल गन' पनि दिइएको छ ।

विमानस्थलमा आगमन तथा प्रस्थानमा आउने सबै यात्रुको स्वास्थ्य परीक्षण गरिने बताइएको छ । विशेष गरी यस बिमानस्थलमा भारत, भुटान, बंगालादेश लगायतका देशबाट यात्रुहरू आउने गरेकोले उनीहरूबाट कोरोना भाइरस नेपाल भित्रिन सक्ने अवस्थालाई मध्यनजर गरी विमानस्थलमा उच्च सतर्कता अपनाएको प्रमुख जिल्ला अधिकारी राना मगरले बताए । साथै विमानस्थलमा बुद्ध एयरलाइन्सले पनि काठमाडौं जाने यात्रुलाई थर्मल गनको प्रयोग गरी छुट्टै स्वास्थ्य परीक्षण गर्दै आइरहेको जनाइएको छ ।

### मास्क लगाएर सेवा

झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले सरकारी कार्यालयबाट सेवा प्रदान गर्ने कर्मचारीले मुखमा अनिवार्य मास्क लगाएर सेवा प्रदान गर्न निर्देशन दिएका छन् ।

प्रजिअ मगरले यसको शुरुवात आफ्नै कार्यालयबाट गरिसकेको जनाए । अहिले प्रशासन कार्यालयका हरेक कर्मचारीले सेवाग्राहीलाई मास्क लगाएर सेवा प्रदान गर्दै आइरहेका छन् । कोरोना भाइरसबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं भन्ने उद्देश्यले अभियान शुरु गरेको बताइएको छ ।

## भीडभाडमा ...

व्यक्तिबाट टाढै रहन सुझाव दिए । उनले कोरोना भाइरस संक्रमित व्यक्ति भीडभाडमा भए चाँडो भाइरस फैलने भएकाले रुघामर्की लागेका व्यक्तिलाई भीडभाडमा नजान आग्रह गरे ।

उनले हाछ्युँ गर्दा किटाणु हातमा सर्ने भएकाले हात नमिलाउन आग्रह गरेका छन् । उनले तातो झोल पदार्थ खान सुझाव समेत दिएका छन् । रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्ति तथा दीर्घरोगी सुगर, मुटु, क्यान्सर लगायतका विरामीलाई यो भाइरसले चाँडो आक्रमण गर्ने भएकाले यस्ता व्यक्तिले बेलैमा सचेतता अपनाउनु पर्ने डा. सुवेदीको भनाइ छ ।

झापामा कोरोना भाइरसका संक्रमित व्यक्ति हालसम्म फेला नपरेको र त्यसको पूर्व तयारी सबै हस्पिटलले थालिसकेको बीएण्डसी टिचिङ हस्पिटलका डा. लक्ष्मण ठाकुरले बताए । उनले हिँड्डुल गर्दा मास्क लगाउन आग्रह गरेका छन् । नियमित रुपमा हात धुन तथा बढी भीडभाड भएको ठाउँमा नजान आग्रह गर्दै नजिकिँदै गरेको फागू पूर्णिमा (होली पर्व)मा हुने भीडभाडमा नजान सबैलाई आग्रह गरेका छन् । कसैलाई रुघामर्की लागेमा घरमै बसेर उपचार गर्न डा. ठाकुरले सुझाव दिएका छन् ।

कोरोना भाइरसको लक्षण रुघामर्की जस्तै हुने भएकाले यसबाट सबै सचेत हुनुपर्ने चिकित्सकको भनाइ छ । कोरोना भाइरस लागेमा एक सय एक डिग्रीभन्दा माथि ज्वरो आउने, माशंपेशी अत्याधिक दुख्ने, घाँटी दुख्ने, श्वासप्रश्वासमा समस्या हुने भएकाले यस्ता लक्षण देखिए तत्काल नजिकैको स्वास्थ्यचौकी जान चिकित्सकहरुले सुझाव दिएका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार कोरोना भाइरसका कारण १० वर्षमुनिका बालबालिकाको हालसम्म मृत्यु भएको छैन । त्यस्तै १०देखि ५० वर्ष उमेर समूहमा प्रति हजारमा दुई जनाको मृत्यु, ६० देखि ७० उमेर समूहमा प्रति हजारमा १३ जनाको र ७०देखि ८० वर्ष उमेर समूहमा प्रति हजारमा ८० जनाको मृत्यु भएको बताइएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार कोरोना भाइरस पूर्वी-दक्षिण एशियाली मुलुकमा फैलिनेक्रम जारी रहेकाले उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ ।

## सरकारका ...

आफ्नो कार्यकालमा नै पूँजी बजारमा ठूलो नीतिगत सुधार भएको दावी गरे ।

उनले भने- 'अहिलेसम्मको पूँजीबजार हेर्दा विगत २ वर्षमा धेरै सुधार भएको छ । अर्थमन्त्रीको काम लगानीकर्तालाई अवसरसम्म पुऱ्याउने हो बाँकी उसको जिम्मा । लगानीकर्ताले कम्पनी वासलात, नाफा नोक्सान हेरेर गर्नुपर्छ । नीतिगत समस्या देखिएका छन् भने बसेर छलफल गर्न सकिन्छ ।' अर्थमन्त्री खतिवडाले व्यक्तिको अनुहारभन्दा पनि कम्पनीको वासलात हेरेर लगानी गर्न सुझाव दिए । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले स्वस्थ्य मन्त्रालयले छुट्टाछुट्टै तीन वटा समितिहरु गठन गरेर कोरोना भाइरस भित्रिन नदिने गरी काम भइरहेको बताए ।

मन्त्रीको संयोजकत्व, सचिवको संयोजत्व र सम्बन्धित महाशाखा समितिको संयोजकत्वमा प्राविधिक कमिटी गठन गरी काम भइरहेको उनले बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जनशक्ति थपेर काम भइरहेको उनले जानकारी दिए । विमानस्थलमा शंस्कास्पद देखिएका व्यक्तिहरुलाई तुरुन्त उपचारका लागि पठाउने गरिएको उनले बताए । एक सिफ्टमा ७ जनासम्म चिकित्सकसहितको टोली र रातिको सिफ्टमा ४ जनाको टोली विमानस्थलको हेल्थ डेस्कमा खटाइएको उनले बताए ।

सातवटै प्रदेशमा सरकारले टोलीहरु पठाएको उल्लेख गर्दै प्रवक्ता देवकोटाले नेपाल भारतका ३७ वटा सीमा नाकाहरुमा टोली खटाउने तयारी भइरहेको बताए । भारतले विभिन्न औषधि निर्यातमा प्रतिवन्ध लगाएपछि कसरी फुकुवा गर्ने भन्ने विषयमा छलफल जारी रहेको उनले बताए ।

सरकारले उपत्यकामा रहेका अस्पतालहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिएको पनि उनले बताए । सजगता अपनाउन जरुरी रहेकाले त्रासको वातावरण नफैलाउन आग्रह गर्दै उनले औषधि आपूर्ति, भिडभाड रोकथामका विषयमा मन्त्रालयले निरन्तर सम्बन्धित पक्षसँग छलफल गरिरहेको बताए ।

## हतियारसहित ...

राइफलको गोली तीन थान, नेपाल टेलिकमको पाँच थान सिमकार्ड र एनसेलको एक थान सिमकार्ड बरामद भएको थियो । साथै परियारको साथबाट चन्दा असुली गरेको रसिद र पार्टीका केही दस्तावेज समेत बरामद भएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले जानकारी दिए ।

## मोरङमा ...

भाइरसबाट हुनसक्ने संक्रमण र फैलावटलाई दृष्टिगत गरी जिल्लामा होली नखेल्न, भीडभाडमा नजान, उत्सव, मेला, सभा, सम्मेलन नगर्न तथा त्यस्ता पर्व, मेला, उत्सव तथा कार्यक्रममा नजान र सतर्कता अपनाउनको लागि सम्पूर्ण जिल्लावासीमा अनुरोध गरिन्छ ।'


**कर्मचारी तु-आवश्यकता**

**लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।**

**तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)**

**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**भावपूर्ण श्रद्धाञ्जलि/निमन्त्रणा**

मेरा श्रीमान्/ हाम्रा बुबा/हजुरबुबा **मनिकुमार थुलुङ राई** को यही मिति २०७६ साल फागुन १६ गते ६६ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्त शोकविह्वल र मर्माहत तुल्याएको छ ।

श्रीमान्/बुबा/हजुरबुबा वियोगको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज आठौं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै आगामी फागुन २४ गते शनिबार हुने शुद्धाई कार्यमा सहभागी भई दिनहुन समस्त मलामीजन, आफन्त, नातागोता, कुलकुटुम्ब, छरछिमेकलगायतमा हार्दिक बिनम्रतापूर्वक निमन्त्रणा गर्दछौं ।

**मितिः** २०७६ साल फागुन २४ गते शनिबार **समयः** विहान १०:०० बजे

**स्थानः** निजी निवास, अर्जुनधारा-८, बिजुली अफिस लाइन (झापा)

**सम्पर्कः** ९८१६३०८६९६

**श्रीमतीः** ताराकुमारी थुलुङ राई **छोराः** विश्व थुलुङ राई

**छोराबुहारीः** राजु+कमला थुलुङ राई **नातिनीः** रीसीम थुलुङ राई

एवम् **समस्त थुलुङ राई परिवार**

अर्जुनधारा-८, बिजुली अफिस लाइन (झापा)



**स्व. मनिकुमार थुलुङ राई**

जन्म

वि.सं. २०१०/०८/१५

निधन

वि.सं. २०७६/११/१६



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## लागूऔषध नियन्त्रणको चुनौति

**प्रहरीले लागूऔषध नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिरहँदा पनि यसको बेचबिखन, ओसारपसार र प्रयोगकर्ताहरुको सङ्ख्या नघट्नु चुनौति नै हो । पछिल्लो समय प्रहरीले सीमानाकामा कडाइ गर्दै ओसारपसारमा संलग्नहरुलाई पक्राउ गरे पनि कारोवारीहरु निरुत्साहित नहुनुले नियन्त्रणको अभियान चुनौतिपूर्ण देखिनु स्वभाविक हो । प्रहरीको कार्वाहीको समाचार दिनहुँ प्रकाशित भइरहँदा पनि लागूऔषध प्रयोगकर्ता र कारोबारीहरुले कारोबार गर्ने बाटो र तरिका बदल्दै प्रयोग र व्यापार गरिरहेको पछिल्लो घटनाले देखाएको छ ।**

**अर्जुनधारा नगरपालिका वडा नम्बर ११ स्थित नयाँ बसपार्कको मेची माउन्ट होटलबाट प्रहरीले छ जनालाई लागूऔषधसहित पक्राउ गऱ्यो । विशेष सूचनाका आधारमा पक्राउ परेका उनीहरुका साथबाट 'ब्राउन सुगर' पैंतीस ग्राम बरामद भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले पक्राउ परेका सबैलाई इप्रका अनारमनीमा राखेर अनुसन्धान गरिरहेको बताएका छन्, पक्राउ परेका मध्ये एकजना सामुदायिक विद्यालयका शिक्षक रहेको खुलेको छ । प्रहरीले विद्यार्थीलाई लक्षित गरी विद्यालयमै पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको समय शिक्षक नै कारोबारमा संलग्न हुनुले सचेतना शिक्षकका लागि समेत दिनुपर्ने हो कि- जस्तो भएको छ ।**

**प्रहरीले लागूऔषधको नियन्त्रण चुनौतिपूर्ण रहेको बताइरहेका बेला देशका भविष्य भनिने युवापुस्ताहरु कुलतमा फस्ने र अपराध मनोवृत्ति बढेर जाने खतरा त्यत्तिकै बढ्न थालेको छ । साथीभाइको लहैलहै र देखासिकीमा यस्तो कुलतमा फस्ने युवाहरु कुनै न कुनै अपराधमा पक्राउ पर्ने गरेका छन् । कारोबारीहरुले सिधासादा, बालबालिकाहरुलाई समेत यस्तो कारोबारमा संलग्न गराउन थालेपछि देशको परिचय नै कारोबारको केन्द्र अर्थात् लागूऔषधको ट्रान्जिट प्वाइन्ट बन्न थालेको छ । अपराध कर्म गर्नेहरु प्रहरीभन्दा एक कदम अघि हुने गरेको विभिन्न तथ्यहरुले पुष्टि गरिसकेको सन्दर्भमा अभिभावकहरुले आफ्ना सन्तानलाई विशेष निगरानीमा राख्न ढिला गर्नुहुँदैन ।**

**देश युवाहरुको जिम्मामा हुन्छ । उनीहरुलाई असल नागरिक बनाउन सकिए मात्र भौतिक विकासमा फड्को मार्न सकिन्छ । त्यसकारण पनि युवावर्गलाई नकारात्मकता, विकृति, विसङ्गति र सामाजिक अपराधहरुबाट अलग राख्न सामाजिक संघ-संस्था, गैरसरकारी तथा स्वयम्सेवी संस्था र अगुवाहरुले अग्रसरता देखाउनु पर्दछ । यसका विरुद्ध निर्माण गरिएका कानूनको कार्यान्वयनको प्रभावकारितामा जोड दिनुपर्दछ । लागूऔषधको कारोबारलाई निस्तेज तुल्याउन सचेत वर्गले प्रहरीसँग सहकार्य गर्नुपर्दछ । यही समय संसदमा लागूऔषध भनिने 'गाँजा' को खेतीलाई वैधानिकता दिन प्रस्ताव दर्ता भएको छ । त्यस्ता वस्तुहरुमा रहेको औषधिय गुणको पहिचान, प्रयोग , उत्पादन र बिक्रीवितरण राष्ट्रको अहितमा नहुने गरी उपयोग गर्ने नीति बनाउँदा समेत प्रहरीको टाउको दुखाइ कम हुन सक्छ ।**

# मास्क, कोरोना र हामी औषधि व्यावसायी



सुरेश खतिवडा

डूपलेट संक्रमण र हावा मार्फत सिधा संक्रमण हुने कोरोना बिषाणु (भाइरस) भर्खरै खुला सिमाना रहेको छिमेकी मुलुकमा भारतमा समेत देखापरेको र बढ्दै गइरहेको समाचार आएको छ। श्वासप्रश्वास प्रणालीलाई तुरुन्त क्षति गर्दै अन्य प्रणालीलाई समेत क्षीण बनाउने यो भाइरसको फैलावट दर उच्च रहेको छ। अत्याधुनिक र विभिन्न सुविधासम्पन्न धनी मुलुकले समेत थग्न नसकेको यस नयाँ चरित्र बोकेको यो भाइरसको असरबारे सबैको आ-आफ्नै अनुमान र भविश्यवाणीहरु प्रचारमा छन्।

यसको रोकथामको मुख्य उपाय भनेको उचित रुपमा मास्क प्रयोग, हातको डिसइन्फेक्सन, सेनिटाइजर प्रयोग र संक्रमण देखिए आइसोलेसन भनेर विश्व स्वास्थ्य संगठनले भनी सकेको छ भने त्यो सँगै मास्क र सेनिटाइजर सामग्रीको बजारमा अभाव भएको छ। थाहा भए अनुसार भर्खरै नेपालमा वाणिज्य तथा आपूर्ति विभागले मास्कमा कालो बजारी भएको र औषधि पसल केन्द्रित अनुगमन शुरु गरिने भनेर आक्रमक रुपमा मिडियाहरुलाई प्रचारात्मक रुपमा आफ्नो काम अघि बढ्ने भनेर बताउँदै आएको हामीलाई थाहा भयो भने शिक्षा मन्त्रालय, गृह र सबै निकायले विश्वमा नै समाचार बनेको कोरोनाबारे जानी-नजानी आफू खटिरहेको देखाउन वक्तव्य र सूचना दिन चाहेका छन्। भाग्यले नै होला हालसम्म नेपालमा शंकास्पद र रिजल्ट नेगेटिभको तारन्तर समाचार आएको छ भने विश्वका धनी राष्ट्रहरु भने त्रसित नै छन्। हामी फर्मासिस्ट औषधिको कारोबार हाम्रो पेशा, हामी औषधि व्यावसायीहरु जनताका हामी सबैभन्दा पहलो परामर्शदाता या भनौ सानोभन्दा सानो स्वास्थ्य समस्यामा सही बाटो देखाई दिने पथप्रदर्शक भन्न पाउँदा समेत गर्व लाग्दछ। यस्तो संवेदनशील घडीमा लक्षित गरिएको हामी प्रतिको शंकामा मेरो भने बिमति छ।

हामी मास्कमा हुने कालो बजारी, मास्क वितरणमा हुने असुरक्षा र हुन सक्ने रोग बारेको गलत हल्ला प्रति जति चिन्तित छौं कुनै एक अमुक समूह यसलाई अतिरञ्जित बनाउँदै मास्कलाई संकटकालको पेट्रोलयम पदार्थको व्यापार भैं बनाउन लागिरहेका छन्। जसमा खुद्रा औषधि व्यावसायीहरु अनविज्ञ छन्। हामीले अनौपचारिक रुपमा सर्कुलर नै जारी गरेर नियम अनुसारका बिलिङ्मा आएका र नियम अनुसार लिनुपर्ने मुनाफा लिएर र बढी मात्रामा सेवामूलक भावना राखेर मात्र माग भएका औषधि वितरण गर्नु, औषधि पसल र आफ्ना फर्म-क्लिनिकहरुबाट यो भाइरसबारे सचेतनामूलक पर्चा लिफलेटहरु वितरण गर्नु, ब्यानरहरु राख्नु र यो हतासको समयमा संयमित बनेर आफ्नो कर्तव्य ठान्नु भनेर भनी सकेको अवस्था छ।

सबै इमान्दार व्यावसायीहरु यसबारे सचेत हुनु हुन्छ पनि। वाणिज्यले भने सरहभन्दा ठीक उल्टो मास्क लुकाएर बढी मूल्य तोक्ने, धुलो, प्रदुषित र भिडभाड वातावरणको ख्याल नगरी खुल्लारुपमा चौबाटामा भुन्डाएर बेचिने संक्रमित मास्क प्रतिको



चिन्ता बढी मात्रामा औषधि व्यावसायीलाई भएको जानकारी गराउन चाहन्छौं। औषधि पसलबाट ल्याएको, मेडिकेटेड, औषधि हालेको, धेरै मूल्यको, कोरोना भाइरस रोक्ने, डबल लेयर, ट्रिपल लेय, विदेशी भन्दै माफियाहरु प्रचारमा सक्रिय रहेको हुँदा लाल्छना हाम्रा व्यावसायीलाई लगाएर होइन। त्यस्ता बिचौलयाहरुलाई ठेगान लागाउन र नियन्त्रण गर्न लागि पर्नु पर्दछ। हामी हाम्रो व्यावसाय औषधि व्यवस्था विभाग हुँदै करमा दर्ता गर्दछौं भने हामी वास्तवमा सर्जिकल अन्तर्गत पर्ने मास्कको कारोबार गर्ने आधिकारिक व्यावसायीमा पर्दैनौं। तर, प्रत्यक्ष स्वास्थ्यसँग सरोकार भएको र थप परामर्श समेत पाइने आशमा आउने ग्राहकको सुबिधाका लागि राखिने मास्कप्रति हामी जति सवेदनशील छौं। व्यापार मात्र गर्न चाहनेलाई स्वास्थ्य होइन, मुनाफा प्रमुख रहेको हामिले देखेका छौं।

भ्रमित र त्रसित पार्दै धुलाम्मे सडक पेटीमा भुण्डाएर बेचिने मास्क र र त्यसले फैलाउने सक्रमणको बिचार नै नगरी आफ्नो क्षेत्र नपरे पनि विश्वास गरी आउने ग्राहकलाई औषधि व्यावसायीले संक्रमित हुनबाट बचाउँदै बट्टाभित्र नै राखेर सुफत मूल्यमा बिक्री गरिने मास्क लक्षित वाणिज्यको अनुगमन त्रास भारो टार्ने र सरकारको भत्ता पचाउने बाटो नबनोस्।

मास्कको कुरा सँगसँगै पूर्व सीमा जोडिएका पालिकाहरुले हेल्पडेस्क राखिएको भए पनि अब यिनै स्थानीय सरकारले जनताका पहिलो परामर्शदाताका रुपमा रहेका निजी औषधि व्यावसायीहरुलाई जति सक्दो चाँडो आवश्यक परेको खण्डमा सम्पर्क र समन्वयमा रहन अनि शंका लागेको बिरामीलाई सम्बन्धित नजिकको स्क्रिनिङ सेन्टरमा पठाइ दिन विशेष नेटवर्क बनाउनु पर्दछ। खुद्रा औषधि व्यावसायीहरुलाई कोरना भाइरस संक्रमण आकस्मिक व्यवस्थापनको तालिम या ओरियन्टेसनको व्यवस्था गरिनु पर्दछ। निजी क्लिनिक, निजी अस्पताल, स्वास्थ्य प्राविधिक उत्पादन गर्ने संस्थाहरु, धेरथोर स्वास्थ्य बिषय पढाई हुने बिद्यालयहरुलाई समेत कोरोना विशेष कार्यक्रमहरुका लागि तयार रहन र जनचेतना अभिबृद्धिका कामहरु गर्न निर्देश गरिनु पर्दछ। जसले कोरोनालाई त्रासको रुपमा लिएर हतोत्साहित बनाउने होइन, रोकथाममा टेवा पुगोस्।

बिद्यालय तुरुन्त बन्द गराएर मात्र कोरोना संक्रमण रोकिने होइन यसका लागि बिद्यालयभन्दा पहिले भाइरस भित्रन सक्ने मुहान बन्द गर्न मुख्यरुपमा नाका बन्द गरिनु पर्दछ। हाम्रो समाज अरुभन्दा आफू एक कदम अगाडि रहेको देखाउन होडबाजी गर्दछ। अरुभन्दा फरक परामर्श र सल्लाहले आफू अगाडि हुन्छु भन्ने ठान्छ। नयाँ भाइरसको चरित्र नै थाहा नहुँदा पनि हाम्रो देशको भैं गर्मीमा देशमा कोरोना भाइरस बाँच्दैन, रक्सीले कोरोनालाई पराजित गर्न सकिन्छ, तातो पानी पिउँदा भाइरस मर्छ, बेसार खाने, लसुन भुटेर खाने, घिउ दल्ने इत्यादी हल्ला मान्छेपिच्छे फरक-फरक रहे पनि सबैभन्दा मुख्य भाइरस फैलावट रोक्ने उपाय भनेको सिधा सम्पर्कबाट बच्नु हो।

थुकका छिटाहरु (ड्रूपलेट्स) श्वास मार्गमा प्रवेश गर्न नदिनु, संक्रमित हावा फोक्सोमा पुग्न नदिनु नै हो भने संक्रमण देखिएमा त्यसलाई आईसोलेसनमा राख्नु स्वस्थ व्यक्तिहरुलाई संक्रमण हुनबाट बचाउने उचित उपाय हो। जसमा प्रत्येक ब्यक्तिको रोग प्रतिरोधात्क शक्तिले विशेष भूमिका खेल्दछ। यहाँ मुखमा लगाइने मास्कको विशेष महत्व हुन्छ। कमजोर, अशक्तलाई भाइरसको संक्रमण चाँडो हुनु स्वभाभिक हो भने औषधि समेत पत्ता लागि नसकेको अवस्थामा यो खाने यो नखाने भन्नु अफवाह हो। यति चाहिँ हो कि कुनै पनि श्वास मार्ग संक्रमण या भाइरसको संक्रमणमा कमजोर भइने हुँदा पोषणयुक्त भोल पदार्थ जरुरी भने रहन्छ। यसको संक्रमण बढेमा कडा प्रकृतिको फोक्सोको संक्रमण (निमोनिया) र अन्य प्रणालीगत संक्रमण हुने गर्दछ।

जे-जसरी कोरोनालाई शक्तिशाली राष्ट्रहरुले हराउन सकेका छैनन् त्यसबाट पाठ हामीले सिक्ने त छदैछ, सीमामा कडाई, पहिले सिटामोल र रुघामर्कीको दबाई बेच्ने औषधि व्यावसायीलाई वाणिज्यले भने सरह अनुगमनबाट त्रास होइन समन्वय र सहकार्य अनि निजीमा सम्पर्कमा आएका बिरामीको रेकर्डबाट धेरै हदसम्म सहयोग मिल्ने देखिन्छ। त्यस्तै हामी व्यावसायीहरु पनि आफ्नो पेशा, मर्यादामा रही जनतामा छाएको त्रास, भ्रम, मासको अहिलेको संवेदना र अपेक्षा बुभेर सबेदनशील बन्नु जरुरी देखिन्छ र हामी छौं पनि।

*(खतिवडा नेपाल औषधि व्यावसायी संघ भापाका सदस्य हुन्।)*

# नेपाली महिला, सम्पत्तिमा स्वामित्व र अपराध

□ **चन्द्रमणि गौतम**

हालै एउटा रोचक तथ्याङ्क फेला पऱ्यो- पति रोजगारीका लागि विदेश गएको मौकामा विदेशबाट पठाएको सबै रकम लिएर पत्नी अर्कै युवकसँग भागेको उजुरीको संख्या एक हजार ४३ देखियो भने विदेश गएको लोग्नेले अर्की लिएर आएकोले बहुविवाह गरेको र माना चामल भराई पाऊँ भन्ने ऊजुरीको संख्या छ सय २३ रहेछ। यो त सतहमा देखिएको तथ्याङ्क मात्र हो। सतहभित्र यस्तो स्थिति अभ विशाल हुनुपर्छ। आजकाल महिलाले आफूमाथिको हिंसा 'सहने होइन कहने' आँट बढे सँगसँगै अपराध र अनैतिक कर्मतिर पनि त्यस्तो आँट बढेको देखिन्छ। अपराधमा महिला संलग्नता चिन्ताजनकरुपमा बढ्दै गएको छ। उपभोक्तावादको अनियन्त्रित र अराजक गतिविधिको पराकाष्ठाका रुपमा समाजमा उठेर बढिरहेको छ।

भारतका रेडलाइट एरियादेखि सर्कस कम्पनीसम्म, दक्षिण कोरिया र चीनमा बृद्धसँग विवाह गरेका नेपाली युवतीदेखि, मलेशिया वा खाडी मुलुकका घरेलु कामदार हुँदाका यौनशोषण, शारीरिक यातना वा हिंसा भोग्ने नेपाली युवतीसम्म, महिलाविरूद्ध हिंसाको दायरा घरेलु हिंसाको दायराभन्दा बहुर्राष्ट्रिय रुपमा फराकिलो छ। किनकि वैधानिक प्रक्रिया र बाटो अथवा स्वदेशको विमानस्थलबाटै विदेशमा काम गर्न गएका नेपाली महिलाको संख्या २०७६ पुससम्मको तथ्याङ्कमा दुई लाख ८५ हजार ६ सय ६६ छ।

महिलाविरूद्ध भईआएका हिंसा, भेदभाव, यातना र शोषणका घटनामा पुरुषको संलग्नता अत्यधिक छ, तर कयौं प्रकारका घटनामा महिलाविरूद्ध महिलाले नै हिंसात्मक अपराध गरे-गराएका समाचार दिनहुँजसो आइरहेका हुन्छन्। कतै छोरीले खेतालो लगाएर आफूलाई जन्म दिने आमाकै हत्या गरेका घटना भइरहेका छन् भने कतै प्रेमीसँग मिलेर लोग्नेको हत्या गरेका घटना पनि छन्। यस्तो अवस्थाका भुक्तभोगीहरू 'चुल्ठो बाटेका महिलाहरूलाई चुल्ठो काटेका महिलाले पीडित बनाए' भन्ने निष्कर्ष पनि सुनाउँछन्।

मुख्यतः सौतेनी मामिला, दाइजोबारेको भगडा, अंशबन्डा, बालविवाह वा बहुविवाह गराउनमा सहमति दिनमा, घरायसी कामको अत्यधिक बोभ, सासुले बुहारीमाथि लगाउने वा बुहारीले सासुलाई अपहेलना र तिरस्कार, 'बोक्सी' आरोपबाट उत्पन्न भगडा र हिंसा आदि मुख्य छन्। 'बोक्सी' भनेर यातना दिनेमा प्रायः महिलाहरू हुन्छन् भने स्वयम् महिला संलग्न भएका त्यस्ता घटनाले अन्धविश्वासको भयावह अवस्थालाई देखाइरहेका छन्।

२०६८ को जनगणनाका आधारमा नेपालमा महिलाको कूल जनसंख्या एक करोड ३७ लाख छ। सांसद प्रतिनिधि एक सय १२ छन्। करिब ३८ लाख विद्यार्थी छन्। २० हजार तीन सय ३४ निजामति सेवामा कार्यरत छन्। चिकित्सक आठ हजार छ सय ३६ र नर्स करिब ८६ हजार छन्। सेनामा पाँच हजार ६२ जना महिला छन् भने नेपाल प्रहरीमा छ हजार छ सय ३४, सशस्त्र प्रहरीमा दुई हजार नौ सय ३३ र ट्राफिक प्रहरीमा दुई सय २५ जना कार्यरत छन्। नेपाली सेनामा पहिलो महिला मेजर सुलोचना पौडेल बहाल छन्।

महिला पुनःस्थापना केन्द्र (ओरेक)को महिला हिंसा सम्बन्धी एउटा विश्लेषणात्मक अध्ययन प्रतिवेदनका अनुसार नेपालमा कूल महिला हिंसाको ५२ प्रतिशत तराईमा हुनेगरेको छ भने पहाडी र हिमाली क्षेत्रमा प्रतिशतको हिसाबले क्रमशः २९ र १९ छ। आर्थिक हैसियत फेरिए पनि महिला मानसिकता यथास्थितिमा रहेका अनेकौं परिसूचक छन्, जस्तो कि पहिले पशुपतिनाथमा तीज मनाउने खासगरी शहरी नेपाली महिलाहरू आजकाल महँगा पार्टीप्यालेसमा तीज मनाउने गर्छन्।

भेरी, सेती, कर्णाली र महाकाली अञ्चलका २० वटा जिल्लामा मासिक रजश्वला भएका कुनै पनि महिलालाई घरभित्र बस्न, दही-दूध तथा फलफूल खान, पानी छुन नदिएर त्यस्तो बेला पाँच दिनसम्म हावा र प्रकाश पनि अप्राप्य अत्यन्त अस्वस्थकर सानो र अँध्यारो भुपडीमा राखिन्छ, जसलाई 'छाउपडी' वा 'छुइनेरी' भनिन्छ। सात दिनसम्म अत्यन्त अस्वस्थकर र असुरक्षित बसोबासका रुपमा 'छाउपडी बस्ने' महिलाले पौष्टिक खाना खान नपाउने र असुरक्षित तथा अस्वस्थकर बिछ्यौना वा सर्प आदिले टोकेका कारण छाउपडीमै मृत्यु भएका घटना



पनि बारम्बार भइरहन्छन्। यति मात्रै होइन त्यसरी छाउ बारी रहेका मध्ये केही छोरीहरु बलात्कारको शिकार समेत भएका छन्। छाउपडी प्रथा भएका क्षेत्रमा छोराछोरी जन्माउने ठाउँ गाईवस्तुको गोठ हुनेगर्छ, घरभित्र बच्चा जन्माउनु पाप मानिन्छ। रोचक दृश्य के पनि छ भने ती क्षेत्रको छाउपडी प्रथा हटाउने बारेमा महिला आयोजकका कयौं गोष्ठी वा अन्तरक्रिया राजधानीका सुविधायुक्त होटलमा पनि त्यति नै संख्यामा हुने गरेका छन्।

महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने र समानताको अधिकार स्थापना गर्ने १९९० को राष्ट्रसंघ महासन्धीमा नेपाल एक हस्ताक्षरकर्ता सदस्य-राष्ट्र भएको कारणले नेपालमा महिलाविरूद्धको हिंसाको अवस्थालाई कानूनले सकेसम्म पूरै र कडाइका साथ निषेध गर्दै लगेको छ। अर्कातिर प्राप्त उपलब्धिलाई आफ्नो सशक्तीकरणमा लगाउन छोडेर 'पितृसत्तात्मक वर्चश्व'जस्ता अमूर्त खोटको निरर्थक नारा लगाएर बस्नु आफैँलाई कमजोर सावित गर्ने प्रवृत्ति हो। आजका सचेत महिलाहरू पुरुषले डोहोऱ्याइदिए मात्र हिँड्ने आत्मनास भएका वा चराई दिएमात्र चर्ने प्राणी कदापी होइनन्। महिलाको पहिचान, अस्तित्व र भूमिकाको परिभाषा पुरुषको सोच र मानसिकताले बनाई दिएर हुँदैन अब आफैँले बनाउन सक्नुपर्छ।

सबैजसो महिलामा हिंसा, यातना, अधिकार तथा नीतिगत विषयहरूमा 'महिलाको कुनै गल्ती वा कसुर हुँदैन, केवल पुरुष प्रधान समाजको अभयदानमा पुरुषबाट मात्र महिलाविरोधी गतिविधि हुन्छन्' भन्ने मान्यताको गन्ध पाइन्छ। यसले समस्याको सही पहिचान र समाधानको अचुक उपाय पहिल्याउन मद्दत गर्दैन। वैदेशिक रोजगारी, त्यसबाट उत्पन्न सम्पत्तिमाथिको विवाद र भगडा, पारिवारिक विखण्डन, महिलाबाटै महिला सताइएका र घरेलु हिंसाको अवस्था आइलागेका घटनाक्रमलाई हेर्न विद्यमान भ्रामक मान्यता समस्याका रुपमा रहेको छ। महिलाविरूद्ध हिंसाको अन्त्यको अर्थ महिलालाई कानूनतः सर्वथा उन्मुक्ति भन्ने होइन।

वर्तमान नेपालमा महिलालाई संविधानदेखि कानूनी र राजनीतिक हैसियतसम्म सबैतिर ३३ प्रतिशत अनिवार्य सहभागिता र सम्पत्ती सम्बन्धी विशेष हकको व्यवस्था गरिएको छ। लैंगिक दृष्टिबाट नेपाली महिलाले कानूनी रुपमै पाएका विशेष हक ११ प्रकारका छन्-

१.पैतृक सम्पत्ति र प्रजनन् स्वास्थ्य सम्बन्धी हक,
२. निजामति सेवामा आरक्षण,
३. एकल महिला सुरक्षा सहायता,
४. पारीश्रमिक आयमा छुट,
५. आयकरमा छुट,
६. उद्योग दर्तामा छुट,
७. घर-जग्गा रजिस्ट्रेशन दस्तुरमा छुट,
८. उद्यमशीलता विकास,
९. पति-पत्नी दुवैका नाममा जग्गा दर्ता,
१०. बोक्सीको आरोपबाट पीडितलाई सहायता र
११. आमा सुरक्षा कार्यक्रम।

नेतृत्वमा पनि नेपाली महिलाले प्राप्त उपलब्धिलाई पूर्ण उपयोग गर्न सकेको देखिन्न। नेपाली कांग्रेस केन्द्रीय पदाधिकारी तथा सदस्य ८४ मध्ये महिला संख्या १७ ( २० प्र.श.) र ७७ जिल्लाका सभापतिमध्ये महिला तीन जनामात्र छन्। नेकपाको स्थायी कमिटीका कुल सदस्य ४५ मध्ये दुई जनामात्र महिला र केन्द्रीय सदस्य संख्या ४४५ मध्ये ७४ जना (१७ प्र.श.) छन्। संघीय समाजवादी पार्टीमा चार सय ३२ केन्द्रीय सदस्य मध्ये ५१ महिला (१२ प्र.श.) र राजपाका कुल सात सय ६५ केन्द्रीय सदस्यमध्ये महिला एक सय २४ (१६.३ प्र.श.) मात्र समावेश छन्। यस तथ्याङ्कले ३३ प्रतिशत महिला सहभागिता हुनैपर्ने संवैधानिक अनिवार्यताको उल्लंघन भएको छ।

भारतीय नारीवादी अभियन्ता कमला भासिन नेपाल आएको बेला पाटनढोकामा २०७५ भाद्र ३१ शनिबार आयोजित प्रवचनमा 'महिलाको इज्जत गयो भनिदिन्छन्, के इज्जत भन्ने कुरा हाम्रो योनीमा हुन्छ ?' भन्ने प्रश्नवाचक तर्क राख्दै अभै भनेकी थिइन्- 'कोही पनि बलात्कारी बन्न जन्मेको हुँदैन। मृत्युदण्डले बलात्कार घटाएको पनि छैन। म सुधारात्मक न्यायिक प्रणालीमा विश्वास गर्छु। समय त लाग्छ नै, उसले आफैँ बुझ्छ कि ऊ त्यस्तो हुनुमा बलिउड, हलिउड, प्रतिष्पर्धात्मक शिक्षा प्रणाली आदिको के भूमिका थियो ? समस्या हामी आफैँमा छ कि छैन ?'

# गौरीशंकरको ६१औं वार्षिकोत्सव




**बिर्तामोड, फागुन २२।** बाह्रदशी गाउँपालिकाको नमूना विद्यालयका रुपमा चिनिएको गौरीशंकर माध्यमिक विद्यालयले ६१औं वार्षिकोत्सव सम्पन्न गरेको छ ।

गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच शिक्षक, अभिभावक र विद्यार्थीलाई सम्मान गर्दै विद्यालयले वार्षिकोत्सव सम्पन्न गरेको हो ।

विद्यालयको नियमित रेखदेख गर्दै शैक्षिक गुणस्तर अभिबृद्धि गर्न सल्लाह प्रदान गर्ने अभिभावक पार्वती पण्डित, विष्णु राजवंशी, षडानन्द गौतम र रुपा तिम्सिनालाई विद्यालयले सम्मान गरेको छ भने शिक्षक तीलरुपा अधिकारी र हेमकुमार राजवंशीलाई सम्मान गरेको छ ।

त्यस्तै खेमराज शर्मा खरेल, प्रकाशचन्द्र राजवंशी र ढकमाया शिवाकोटीलाई सम्मानसहित विदाइ गरेको छ । विद्यालयका प्रधानाध्यापक लेखनाथ कटुवालले स्वागतसहित विद्यालयको शैक्षिक अवस्थाका विषयमा प्रकाश पारेको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशी, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहाल, शिक्षा शाखा प्रमुख ज्ञानबहादुर पौडेल, वडा नम्वर ७ का वडाध्यक्ष मित्रराज भट्टराई लगायतले मन्तव्य राखेका थिए ।

सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको वार्षिकोत्सव समारोहमा खेलकुद विधाका उत्कृष्ठ विद्यार्थीलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक लोचनकुमार गुरागाईले गरेका थिए ।

# श्रीकृष्ण प्रणामी मन्दिर चारपानेको स्वर्ण महोत्सव

**बिर्तामोड, फागुन २२।** स्थापनाको ५० वर्ष प्रवेश गरेको सुखद् अवसरमा झापाको बिर्तामोड-२ चारपानेस्थित श्रीकृष्ण प्रणामी मन्दिरले स्वर्ण महोत्सवको अवसरमा आयोजित बृहत धार्मिक कार्यक्रम बुधबारदेखि शुरु भएको छ ।

उक्त मन्दिरले भ्रमण वर्ष २०२० लाई समेत प्रवर्द्धन गर्ने गरी स्वर्ण महोत्सवको अवसरमा साताव्यापी विविध धार्मिक तथा सामाजिक सेवामूलक कार्यक्रम आयोजना गरेको हो । स्वर्ण महोत्सव स्तम्भ समुद्घाटन, बाबा श्री गोपीदास स्मृतिसभा एवम् कलश अनावरण र साताव्यापी श्री १०८ सागर तारतम पाठ पारायणको शुभारम्भ श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्त विभूषित जगतगुरु आचार्य श्री १०८ कृष्णमणिजी महाराज श्री ५ नवतनपुरीधाम जामनगरको करकमलबाट भएको छ भने दिउँसो श्रीमद्देवी भागवत ज्ञान महायज्ञ (श्रीकृष्ण कथा)-को उद्घाटन प्रदेश सभा सदस्य एकराज कार्कीले गरेका थिए ।

त्यस्तै स्वर्ण महोत्सव समारोह मूल आयोजक समितिद्वारा आयोजित समारोहमा श्रीकृष्ण प्रणामी धर्मका देश-विदेशका गुरुहरु र हजारौं अनुयायीहरुको सहभागिता थियो । समारोहमा मंगलधाम कालिम्पोङका गादीपति गुरुजी श्री १०८ मोहनप्रियाचार्य, श्रीकृष्ण प्रणामी मन्दिर नवतनधाम काठमाडौंका



गादीपति श्री १०८ श्री अमृतराज महाराज, श्रीकृष्ण प्रणामी मन्दिर मुक्तिधाम इटहरीका गादीपति श्री १०८ कृष्णदास महाराज, श्रीकृष्ण प्रणामी मन्दिर पिताम्बर पीठ आसामका गादीपति श्री १०८ कृष्ण स्वामी महाराज, श्रीकृष्ण प्रणामी मन्दिर राजगढका प्राचार्य श्री महेन्द्र महाराज, विदुषी तारा माताजी देवघाट, श्री प्रमोद सुधारकजी महाराज हरिद्वारलगायतको उपस्थिति थियो ।

समितिका अध्यक्ष युवा सन्त जगतनन्दन शास्त्रीजी महाराजको अध्यक्षतामा मन्दिरका गुरु पण्डित बुद्धिप्रकाश लुइँटेल र आयोजक समितिका महासचिव शारदाप्रसाद थपलियाले संयुक्तरुपमा सञ्चालन गरेको समारोहमा मन्दिरका अध्यक्ष राजेन्द्रकुमार बस्नेतले स्वागत गर्दै मन्दिर स्थापनाकालदेखि हालसम्मको अवस्थाको जानकारी दिएका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाईं, श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष श्याम केसी लगायतले शुभकामना मन्तव्य राखेका थिए भने श्रीकृष्ण युवा परिषद् नेपालका उपाध्यक्ष यज्ञ ढकाल, प्रदेश नं. १ संयोजक अनिल ढुंगाना, झापा अध्यक्ष सुवास रिजाल, श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद् झापाका अध्यक्ष मिलनकुमार बस्नेत लगायतको उपस्थिति थियो ।

समारोहमा मन्दिरलाई सहयोग पुरयाउने केही समाजसेवीहरुलाई सम्मान पनि गरिएको थियो । अन्तर्राष्ट्रियस्तरको बनाइएको सो धार्मिक तथा सामाजिक अनुष्ठानमा देश-विदेशबाट श्रीकृष्ण धर्मावलम्बी निजानन्द सम्प्रदायका हजारौं भक्तजन एवम् सन्त महाराजहरुको आगमन भएको समितिका महासचिव थपलियाले जानकारी दिए ।

महोत्सव अवधिभर दैनिक सेवा पूजा, मंगल आरती, ध्यान, चिन्तन, योग, मंगलाचरण, पुष्पाञ्जलि, वाणी चर्चा, विभिन्न विद्वानहरुद्वारा धार्मिक प्रवचन, वाणी गायन, भजन-कीर्तन, गरिने अध्यक्ष डा. जगतनन्दन शास्त्रीजी महाराजले जानकारी दिए ।

त्यसैगरी बुहत स्वास्थ्य शिविर शुरु भइसकेको छ । रक्तदान कार्यक्रम, दैनिकरुपमा सहयोगदाता, समाजसेवी महानुभावहरुलाई सम्मानको कार्यक्रम पनि रहेको छ भने सामहिक उपनयन र गुन्यूचोलीको कार्यक्रम पनि रहेको बताइएको छ । महोत्सव सम्पन्न गर्न जिल्लाका श्री कृष्ण प्रणामीअन्तर्गतका मन्दिर तथा समितिहरु, श्रीकृष्ण प्रणामी युवा परिषद, श्रीकृष्ण सेवा परिषदलगायतका समितिहरुले सक्रिय सहभागिता जनाइरहेको बताइएको छ ।

वि. सं २०२६ सालमा दानवीर तत्कालीन रापंस स्व. खम्बसिंह बस्नेत र धर्मपत्नी जानुका बस्नेतले पाँच कट्ठा १० धुर जग्गा दान गरेपछि मन्दिर स्थापना भई धार्मिक कार्यक्रमहरु हुँदै आएको छ भने दाताहरुको सहयोगमा मन्दिर परिसरमा १८ वटा शयन कक्ष, तीन वटा हल, पर्याप्त शौचालयको पनि व्यवस्था रहेको बताइएको छ ।

# झापामा अन्तर्राष्ट्रिय बुद्धिचाल शुरु

**झापा, फागुन २२।** नाइट चेस क्लवको आयोजनामा पिवि थापा मेमोरियल अन्तराष्ट्रिय बुद्धिचाल प्रतियोगिता झापाको काँकरभिट्टामा शुरु भएको छ ।

बुधबार सम्पन्न पहिलो र दोस्रो चरणको खेलमा नेपालका शिर्षस्थ खेलाडीहरु पूर्व नेपाल च्याम्पियन सुरवीर लामा, नवीन तण्डुकार, सुमित पन्त, प्रकाश नेपाल, हरिचन्द्र चम्लागाई र सुमन श्रेष्ठले दुबै खेलमा सफलता हात पार्दै दुई अंक जोड्न सफल भएका छन् । त्यसैगरी भारतका हरिश शर्मा, अनिक दाश, आकाश तिवारी, हिल्लाल मण्डल, स्मार्ट घोराइले पनि समान दुई अंक नै जोडेका छन् ।

पशुपति इङ्गलिस बोर्डिङ्ग स्कूलको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा नेपालका ज्वाला लिम्बू, महेन्द्रकुमार साम्वाहाम्फे, इन्द्रकुमार सिग्धेल, सुमन श्रेष्ठ , भारतका दिब्या तेजा, दिशव निशाद र किरण राईले पनि दुबै खेलमा जीत हासिल गरी दुई अंक नै जोडेका छन् ।

यसअघि नाइट चेस क्लवका अध्यक्ष राजु कार्कीको सभापतित्वमा प्रतियोगिताको उदघाट्न प्रदेश नं. १ का प्रदेश सांसद श्रीप्रसाद मैनाली गरेका थिए भने खेलको शुरुवात नाइट चेस क्लवका पूर्व अध्यक्ष वालाजित राई र वर्तमान अध्यक्ष राजु कार्कीले गरेका थिए ।

त्यस्तै फागुन २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपाल भारत र बङ्गला देशका गरी जम्मा एक सय ३२ जना खेलाडीहरुको सहभागिता रहेको छ भने यस प्रतियोगिताको कूल नगर पुरस्कार दुई लाख ४६ लाख रहेको छ ।

# लागूऔषधसहित दुई जना पक्राउ

**झापा, फागुन २२।** अर्जुनधारा- ११ का २३ बर्षीय समिर माझी र २२ बर्षीय सुरज माझी लागूऔषध ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

भारतीय बजार पानीटंकीबाट काँकरभिट्टा सीमा एरियातर्फ आइरहेका दुबै जनालाई नियन्त्रणमा लिइ चेकजाँच गर्ने क्रममा उनीहरुको साथबाट ४.५ ग्राम ब्राउनसुगर फेला पारी बरामद गरिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

पक्राउ परेका दुबै जनालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कोरोनाका कारण विश्वमै औषधि अभाव हुनसक्ने

**झापा, फागुन २२।** कोरोना भाइरसको संक्रमण विश्वव्यापी रुपमा फैलदै गएपछि औषधि लगायत स्वास्थ्य सामग्रीहरुको अभाव हुनसक्ने भन्दै विश्व स्वास्थ्य संगठन डब्लुएचओले उत्पादन बढाउन कम्पनीहरुलाई आग्रह गरेको छ ।

तीव्ररुपमा फैलिरहेको कोरोना संक्रमणविरुद्धको लडाईका क्रममा औषधि र स्वास्थ्य सामग्रीको विश्वमै अभाव हुन सक्ने भन्दै डब्लुएचओले कम्पनी तथा सरकारहरुलाई उत्पादन ४० प्रतिशतले बढाउन आग्रह गरेको हो ।

विश्वमै माग बढ्दै गएपछि सर्जिकल मास्कको मूल्य छ गुणासम्म बढेको छ । त्यस्तै एन-९५ को मूल्य तेब्बरले र प्रतिरक्षात्मक गाउनको मूल्य दोब्बरले बढेको डब्लुएचओले जनाएको छ । कोरोना संक्रमणविरुद्ध खटिएका स्वास्थ्यकर्मीलाई मासिक आठ करोड ९० लाख मास्क, सात करोड ६० लाख पञ्जा र १६ लाख चस्मा आवश्यक पर्ने डब्लुएचओको अनुमान छ ।

यसैबीच अमेरिकाको संघीय रिजर्भ बैंकले विश्वमा छाउन सक्ने आर्थिकमन्दीलाई रोक्न भन्दै ब्याजदर घटाउने निर्णय गरेको छ । विश्व बैंकले कोरोनाविरुद्धको लडाइका लागि भन्दै १२ अर्ब डलर बराबरको सहयोगको घोषणा गरेको छ ।

विश्वभर कोरोना संक्रमितको संख्या ९१ हजार पुगेको छ । जसमध्ये चीनका मात्र ८० हजार छन् । संक्रमणबाट चीनमा मात्र दुई हजार नौ सय ४६ र अन्य मुलुकमा एक सय ६६ जनाको मृत्यु भएको छ । दक्षिण कोरिया, जपान, युरोपेली मुलुक, इरान र अमेरिकामा तीव्ररुपमा फैलिरहेको छ । हालसम्म करिब ८० मुलुकमा संक्रमण फैलिसेकेको छ ।

संक्रमणका कारण इरानमा पर्याप्त चिकित्सक र नर्सहरु कै अभाव भएको छ । इरानमा हालसम्म ७७ जनाको मृत्यु भइसकेको छ । इटलीमा संक्रमणबाट मृत्यु हुनेको संख्या ७९ पुगेको छ । फ्रान्समा चार जनाको मृत्यु भएको छ । अमेरिकामा नौ जनाको मृत्यु भएको छ भने संक्रमतिको संख्या एक सय नाघेको छ ।

इन्डोनेसिया, अर्जेन्टिना र चिलिमा पहिलो पटक संक्रमण फेला परेको छ । संयुक्त अरब इमिरेट्समा चार हप्ताका लागि सबै विद्यालयहरु बन्द गरिएको छ ।


## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला । **Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

**अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।**

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

**(हल ए) हिन्दी सिनेमा**
पहिलो शो ११:४५ Senti Virus
दोस्रो शो २:४५ Senti Virus
तेस्रो शो ६:४५ Senti Virus

**(हल बी) नेपाली सिनेमा**
पहिलो शो ११:४५ आमा
दोस्रो शो २:४५ आमा
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी




**बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ । शुक्रबारदेखि प्रदर्शन हुने हिन्दी चलचित्र Baaghi-3 को बुकिङ्ग खुल्ला गरिएको छ । (फोन नं. ०२३-५४६४३६)**

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः**
**बिहान :** ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
**बेलुका :** ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## उज्यालो यातायात प्रा.लि.




बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

# वर्गीकृत विज्ञापन

## कर्मचारी आवश्यकता

Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता

पद : लेखापाल, रिसेप्सन | तलब : आपसी समझदारीमा
बजार प्रतिनिधि (गरामनी, बुट्टाबारी, लक्ष्मीपुर, चारपाने, महानन्दचोक, सैनिकमोड, बिर्ताबजार)
सम्पर्क: ०२३-५४४९८३/९८१५०६२२१५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

## पार्टी प्यालेस भाडामा

बिर्तामोडको बिर्ता बजार-३ मा अवस्थित फूलर्फनिसीङ्गसहित चालू अवस्थामा रहेको पार्टी प्यालेस भाडामा, लिने इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२६५४६३८

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९
९८४१३२१४६४

## On Line Food Delivery

बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस् । अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ ।
सम्पर्क: ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : Food station kankai road Birthamode

## सेक्यूरिटी गार्ड आवश्यकता

झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो । भूपू प्रहरी तथा सेनालाई ग्राह्यता ।
तलब : आपसी समझदारीमा
भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस् ।
सम्पर्क: ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

## आकर्षक जग्गा बिक्रीमा

झापा सुरुङ्गास्थित जामुनखाडी जाने कालोपत्रे बाटोले छोएको ७ कट्ठा आकर्षक जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८२४०४२२७१, ९८१६९९८६७७

## सेक्युरिटी गार्डको आवश्यकता

पुरुष/महिला संख्या: २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोन: ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

## घर बिक्रीमा

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।
सम्पर्क: ९८१००९१६८०
९८१६९५३९११

## आवश्यकता

सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कर्मचारी आवश्यकता

बिर्तामोड अतिथि सदन रोडमा अवस्थित रेष्टुरेन्टका लागि केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।
कुक: २ जना किचन हेल्पर: २ जना
वेटर-वेट्रेस: ४ जना
फोन:९८१७९३०७४०, ९८२४९३७९९३




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । समयमा गम्भीर नबन्दा पनि दु:ख पाइनेछ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । अवसरवादीहरूबाट अलि सजग रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनत गर्दा अप्ठ्यारो काम समेत सम्पादन हुनेछ । काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ । प्रतिस्पर्धाले नयाँ अवसर दिलाउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ । अवसर प्राप्त भए पनि फाइदा उठाउन चुनौतिसँग जुध्नुपर्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा केही ढिलासुस्ती हुन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोशिस गर्नेछन् । स्वास्थ्यमा हेलचेर्क्याइँ गर्दा काममा बाधा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । धेरै फाइदा उठाउन नसकिए पनि समस्या सुल्झने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** टाढिएका आफन्त नजिकिने छन् । पुरानो सम्झौता भंग हुन सक्छ । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसर आए पनि परिस्थिति त्यति सहज नरहला । प्रतिस्पर्धीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन् । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ ।

# जन्मदिनमा आगलागी पीडितलाई नगद सहयोग



**दमक, फागुन २२।** नेपाली कांग्रेस झापाका जिल्ला सदस्य एवम् युवा सामाजिक व्यक्तित्व कमल- ५ का हुकुमसिंह राईले आफ्नो जन्मदिन आगलागी पीडितहरुलाई नगद सहयोग गरेर मनाएका छन् ।

यसअघि कहिल्यै आफ्नो जन्मदिन औपचारिक रुपमा मनाउन रुची नराख्ने राईले यसपटक भने आफ्नै गाउँ लखनपुरको मंगलबारे बजारमा बुधबार साँझ भएको आगलागीका पीडित परिवारलाई नगद राहत प्रदान गरेर मनाएका हुन् । उनले बिहीबार स्थानीयबासी र सञ्चारकर्मीहरुको उपस्थितिमा आगलागी पीडित चार परिवारलाई प्रति परिवार १० हजार रुपैयाँका दरले नगद राहत हस्तान्तरण गरेका हुन् ।

यसअघि स्थानीय तहको निर्वाचनमा कमल गाउँपालिकाको अध्यक्ष पदमा बराबरी मत पाएर चिट्ठाबाट बाहिरिएका युवा नेता राईले केक काट्ने नेपाली संस्कारभित्र नपर्ने भन्दै विशेष दिनमा पीडित परिवारलाई सहयोग गर्नु उचित हुने ठानेर यसो गरेको बताए । उनले पीडित परिवारलाई सहयोग गर्न सार्वजनिक अपिल समेत गरेका छन् ।

राहत रकम हस्तान्तरण गर्दै उनले पीडित परिवारको तत्काल पुनर्स्थापनाका लागि सरकारले जिम्मा लिनुपर्ने बताए । राहत वितरणमा सहभागी स्थानीय युवाहरुले यस किसिमको सहयोगले पीडित परिवारको पीडामा मल्हमपट्टी हुने भन्दै राईले चालेको कदमको प्रशंसा गरे ।

स्थानीय अगुवा युवा दिवाकर राईका अनुसार सो ठाउँमा भएको आगलागीका कारण स्थानीय कृष्णमाया लिम्बू, रुक्मनी ताजपुरिया, पार्वता राजवंशी र चुड्की मर्डीको परिवारले लाखौं मूल्य बराबरको क्षति व्यहोर्नु परेको छ । लिम्बूको घरमा ताजपुरिया, राजवंशी र मर्डी परिवारले व्यवसाय सञ्चालन गर्दै आएका थिए । आगलागीपछि ती परिवारको हातमुख जोर्ने समस्या रहेको स्थानीयहरुले बताएका छन् ।

# बाटो बनाउन विरोध !



**झापा, फागुन २२।** एसियाकै जैविक बिबिधता भएको जलथल जङ्गललाई खण्डित गर्दै प्रदेश सरकारबाट बाटो खन्ने कुरालाई वन अभियन्ताहरुले बिरोध गरेका छन् ।

नेपालमा जलथल जङ्गल जस्तो वन तराईमा नभएको र हिमाल, पहाड, चुरेमा समेत पाइने वन्यजन्तु, वनस्पति, जडिबुटी, चराचुरुङ्गी यस वनमा पाइने हुँदा संरक्षण गर्नुपर्ने वनलाई खण्डित गर्ने कुरा रोक्नु पर्ने सामुदायिक वनका अभियन्ताहरुको भनाइ छ ।

६३ सय हेक्टरमा फैलिएको यस वनलाई २२ वटा सामुदायिक वन उपभोक्ता समूहले संरक्षण गरिरहेको डिभिजन वन कार्यालय झापाका प्रमुख बिष्णु घिमिरेले बताए । प्रमुख घिमिरेका अनुसार जैविक बिबिधता रहेको वनलाई सुरक्षित गर्नुपर्नेमा बिकासको नाममा खण्डित गरी बिनास गर्नु हुँदैन ।

झापा ३ (क) का प्रदेश सदस्य वसन्त बानियाँ र (ख) का प्रदेश सदस्य पूर्णसिंह राजवंसीले जङ्गलको बीचबाट बाटो खन्न बजेट निकासा गरी जङ्गल बिनास गर्न लागेको भन्दै चौतर्फी बिरोध शुरु भएको बताए । सामुदायिक वनका अभियन्ताहरु भन्छन्- 'वनको बीचबाट बाटो खन्नु भनेको जैविक बिबिधतालाई सखाप गर्नुमात्र नभई आफ्नै सन्तानको हत्या गर्नु सरह हो ।'

सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष वेदप्रकाश भण्डारी, पूर्व अध्यक्ष छत्र पौडेल, हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन, कचनकवलका अध्यक्ष अन्जार आलम, वडाध्यक्ष होमप्रसाद चुडाल लगायत २२ वटै सामुदायिक बनहरुले बिरोध जनाएका छन् ।

एसियाकै जैविक बिबिधता भएको जङ्गल भन्दै विगत आठ महिनादेखि अन्तर्राष्ट्रिय चासोको साथ फरेस्ट एक्सन नेपाल, काठमाडौं फरेस्ट कलेज, डिभिजन वन कार्यलय तथा सामुदायिक वन उपभोक्ता महासंघ झापाको सहकार्यमा जैविक बिबिधताको विशेषज्ञहरुबाट अनुसन्धान भइरहेको छ ।

जैविक बिबिधता अनुसन्धान शुरु भएपछि जलथल जङ्गललाई हेर्न विभिन्न मुलुक तथा नेपालका विशेषज्ञहरु समेत आउने गरेका छन् । यस जङ्गललाई बचाउन लागीपर्ने पाथीभरा कालिका सामुदायिक वनका अध्यक्ष चिरञ्जीवी पौडेल बताउँछन् ।

प्रदेश सरकारको ५७ करोडको लगानीमा बन्ने भनिएको बाटो पाथीभरा कालिका सामुदायिक वन कै ९० प्रतिशत भू-भाग हुँदै जाने तथा एक हजारभन्दा बढी लोप हुन लागेका तथा अन्य वनस्पति, पुतली, बन्यजन्तु,चराचुरुङ्गीलाई प्रत्यक्ष असर पुग्ने सरोकारवाला र वन अभियन्ताहरुको भनाइ छ ।

# बेनुबाजाको १९औं सभामा आठ सम्मानित

**सुरुङ्गा, पागुन २२।** कनकाई नगरपालिका-५ स्थित बेनुबाजा अंग्रेजी माविको १९औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ ।



सो अवसरमा विद्यालयका संस्थापक र शिक्षकलाई सम्मान समेत गरिएको थियो । विद्यालयका संस्थापक सदस्य तथा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष गोपालप्रसाद बिमली, विद्यालयका संस्थापक प्रिन्सिपल वीरेन्द्रबहादुर खड्का, शिक्षकद्वय दीपककुमार श्रेष्ठ र कृष्णमाया अधिकारीलाई कार्यक्रममा सम्मान गरिएको हो । त्यसैगरी माध्यमिक शिक्षा परीक्षा २०७५ मा उच्च अंक ल्याउने विद्यार्थीहरु रक्षा खड्का, अनिता श्रेष्ठ र उर्मिला फुयाँललाई पुरस्कासहित सम्मान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि झापा क्षेत्र नं. ४ का प्रदेशसभा सदस्य माननीय हीराकुमार थापाले पछिल्लो समय निजी विद्यालयको शिको गर्दै सामुदायिक विद्यालयले समेत अंग्रेजी र गुणस्तरीय शिक्षाको थालनी गरे पनि सामुदायिक विद्यालय अल्छे शिक्षकका कारण असफल भइरहेको बताए । कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाई, कनकाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव पिताम्बर गौतम लगायतले गुणस्तरीय शिक्षाको मामिलामा बेनुबाजा अंग्रेजी मावि अब्बल भएको बताए ।

कार्यक्रममा विद्यालयको प्रगति विवरण प्रस्तुत गर्दै प्रिन्सिपल बिनोद सुब्बाले कनकाई नगरको दक्षिणी क्षेत्रका विद्यार्थीहरुले गुणस्तरीय शिक्षाका लागि बाहिर जान नपर्ने अवस्था सृजना गर्न आफूहरु लागीपरेको बताए ।

कार्यक्रममा नगर शिक्षा समितिका सदस्य एवम् भगवती आधारभूत विद्यालयका अध्यक्ष ओमप्रसाद पाठक, सम्मानित व्याक्तित्व वीरेन्द्रबहादुर खड्का, अभिभावक संघका अध्यक्ष दीपक ढुङ्गेल लगायतले मन्तव्य राखेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम बिमलीको सभापतित्वमा भएको कार्यक्रममा विद्यार्थीहरुले विविध सांस्कृतिक प्रस्तुति राखेका थिए । विद्यालयका सहायक प्रिन्सिपल रघुनाथ तिम्सिनाले स्वागत गरेको कार्यक्रमको सञ्चालन विद्यार्थीहरु अनुप भट्टराई, आकृति बस्नेत, निरञ्जन मैनाली र विनिसा ढुङ्गेलले गरेका थिए ।

# धनुषकोटीमा होमस्टे

**सुरुङ्गा, फागुन २२।** कनकाई नगरपालिकामा पहिलो होमस्टे सञ्चालनमा ल्याइएको छ ।

कनकाई नगरपालिका-२ सुकेडाँगीका युवा व्यवसायी कैलाश बरालले आफ्नै घरमा धनुषकोटी होमस्टेको सञ्चालन गरेका हुन् । कनकाई नगरको पहिलो होमस्टेमा सबै अर्ग्यानिक खाना र कोदो-फापरको रोटी, लोकल कुखुराको मासु लगायत खान पाइने र विशेष अवसरमा सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिने सञ्चालक बरालले बताए ।

होमस्टेको कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले उद्घाटन गरेका थिए । पोखरेलले कनकाई नगरपालिकाले सामुदायिक र व्यक्तिगत लगानीका सबै खाले होमस्टेलाई प्रबर्द्धन गर्ने नीति लिएको बताए ।

कार्यक्रममा कनकाई नगरपालिका वार्ड नम्बर २ का अध्यक्ष परशुराम गिरी, ३ का वडाध्यक्ष रुद्रप्रसाद चिमरिया, कनकाई १ का वडा सदस्य देवी अधिकारी, २ का सदस्य घनश्याम मैनाली, जामुनवारी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ख्यामराज सिटौला, सुरुङ्गा सहकार्य युवा क्लबका अध्यक्ष टीकाराम भण्डारी (सुदीप) लगायतको आतिथ्य रहेको थियो । कार्यक्रम धनार्जन तिवारीको सभापतित्वमा भएको थियो ।

# आगलागी हुँदा ५० लाखभन्दा बढीको क्षति

**झापा, फागुन २२।** इलाम र मोरङका दुई स्थानमा आगलागी हुँदा लाखौं मूल्य बराबरका सामान जलेर नष्ट भएको छ ।

इलाम फाकफोकथुम गाउँपालिका-६ फुस्रेस्थितमा रहेको तीनजुरे बोर्डिङ स्कूलको छात्राबासको दुई तले घरमा बिद्युत् सर्ट भई आगलागी हुँदा घर पूर्ण रुपमा जलेको साथै घरभित्र रहेको नगद दुई लाख, पाँच तोला सुन, टिभी दुई थान, ल्यापटप चार थान, कम्प्युटर दुई थान लगायतका सामानहरु जलेर नष्ट हुँदा ४४ लाख ८० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

त्यस्तै मोरङ बेलबारी-११ भाङबारी बस्ने नरबहादुर तामङको घरमा बिद्युत सर्ट भई आगलागी हुँदा अन्नपात, फर्निचर लगायतका सामानहरु जलेर नष्ट हुँदा सात लाख बराबरको क्षति भएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।


## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं। शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## हार्दिक बधाई तथा शुभकामना




हालै सम्पन्न मोटरसाइकल स्पेयर पार्टस व्यवसायी संघको दोस्रो साधारणसभाबाट बिर्तामोड नगर समितिको अध्यक्षमा **उपेन्द्र बानियाँ**, उपाध्यक्षमा **निरज चुडाल**, सचिवमा **डिल्ली थापा**, सह-सचिवमा **देवराज बराल**, कोषाध्यक्षमा **अन्जेश भट्टराई** साथै सदस्यहरूमा **तोयानाथ गौतम, एकराज खनाल, मनोज ढुङ्गेल, नारद नेपाल, कृष्ण गौतम, अनिष प्रसाई., राजु उप्रेती, दिलकुमार राजवंशी, ओमनाथ घिमिरे र लक्ष्मीकान्त अग्रवाल** त्यसैगरी सल्लाहकारमा **शिवपुरी** संयोजक **नरेश अग्रवाल, अभिषेक आचार्य, विजय खड्का** र **विपिन अग्रवाल** सदस्यमा चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सम्पूर्ण निर्वाचित कार्यसमितिको कार्यकाल सफल बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कलश इन्टरप्राइजेज परिवार बिर्तामोड**
आधिकारिक बिक्रेता CEAT टायर, स्टार लुब्रिकेन्ट BOLT ब्याट्री (फोनः ०२३-५४६१०८/९८५१०९२८७३)

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| मेमकुमारी अधिकारी | नकलबन्दा-७ | ६९० | ०-१-० | छत्र वा राई |
| " | " | १४८१ | ०-१-० | " |
| कृष्णमाया कार्की | कोहबरा-१ | २०९ | २३५५.०० | बल वा राई |
| " | " | ३३८१ | ११४०.०० | " |
| मिना खड्का बस्नेत | ज्यामिरगढी-९ | ९९३ | ०-४-१५ | छोटा हपना/छोरा प्रसाद सतार |
| हर्क वा राई | राजगढ-९ | २२९४ | ०-१२-० | तेरिज सिंह/कनकलाल राजवंशी |
| रामानन्द यादव | गौरीगञ्ज-९ | १७१ | ७६१० .०० | काबुल मिया |
| " | " | १७६ | १९०५.०० | " |
| रामानन्द यादव | गौरीगञ्ज-९ | ८५ | ४६७५.०० | कुसन/उलन मूसहर |
| " | " | १३७ | ७३४५.०० | " |
| रामानन्द यादव | गौरीगञ्ज-९ | १७३ | १३५०.०० | तारासिंह गन्गाई/काबुल मिया |
| देवनारायण यादव | गौरीगञ्ज-९ | १४८ | १८६०.०० | सैनिया/सैनि मूसहर |
| देवनारायण यादव | गौरीगञ्ज-९ | ७६ | १२५.०० | बुधलाल गन्गाई |
| देवनारायण यादव | गौरीगञ्ज-९ | ७४ | ५०५.०० | ढिटर/ढिटर मूसहर |
| देवनारायण यादव | गौरीगञ्ज-९ | ८३ | ३०९०.०० | वैसन हरिजन/वोम वा राजवंशी |
| निरज मोहन यादव | गौरीगञ्ज-१ | ७६ | ०२६४०.०० | सतनलाल ताजपुरिया |

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.
NMC-COOP
प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टाको

## भल्ट (Cash Vault) कोटेसन आह्वान

*प्रथमपटक प्रकाशित मिति : २०७६।११।२३*

संस्थाको बैङ्किङ तथा अन्य व्यवसायका लागि केही संख्यामा तपसिल विवरण अनुसारको फलामे भल्ट (नगद राख्ने) आवश्यकता परेको हुँदा इच्छुक फर्म तथा कम्पनीले दिन सक्ने न्यूनतम दररेटसहितको सिलबन्दी कोटेसन आह्वान गरिन्छ ।

**सामग्रीको विवरण :**
VAULT = 28 INCH
VAULT = 32 INCH
VAULT = 36 INCH
VAULT = 42 INCH
VAULT = 54 INCH

**नोट :**
१) कोटेसन पठाउँदा खामबन्दी गरी संस्थाको प्रधान कार्यालय वा बिर्तामोड कार्यालय वा चारआली कार्यालयमा पठाउनुपर्नेछ ।
२) कोटेसनमा उपलब्ध गराउने सामानको पूर्ण विवरणसहित ब्राण्ड, भ्याटशुल्क, ढुवानी खर्च, वारन्टी उल्लेख गर्नुपर्नेछ ।
३) कोटेसन २०७६ फागुन २८ गते बुधबार कार्यालय समयसम्म पठाउनुपर्नेछ ।
४) कोटेसन सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित रहनेछ ।

**- प्रधान कार्यालय**

## DUBAI मा १० दिनमा भिषा ग्यारेन्टी सहित श्रीमान/श्रीमतीलाई एउटै कम्पनीमा रोजगार

१.कम्पनी.- **Lahej & Sultan Cleaning Service & Gen Maint.Co.,** Dubai, UAE
पूर्व स्वीकृती मिति २०७६।११।११ | चलानी नं. ६०१५२१३९ | LT.No. 232814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु | हप्ताको कामको दिन | दैनिक कामको घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 300 | 150 | [illegible] | 800 | २५,१७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

२.कम्पनी.- **Abu Dhabi Berkely Services LLC.,** Abu Dhabi, UAE
पूर्व स्वीकृती मिति २०७६।११।११ | चलानी नं. ६०१५२०२३ | LT.No. 232815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु | हप्ताको कामको दिन | दैनिक कामको घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | [illegible] | 800 | २५,१७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

३.कम्पनी: **Federal Security Services LLC.,** Abu Dhabi, UAE
पूर्व स्वीकृती मिति २०७६।१०।१६ | चलानी नं. ६०१५०७५२ | LT.No. 231847

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु | हप्ताको कामको दिन | दैनिक कामको घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 31 | 02 | [illegible] | 1200 | ३७,३८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

सेक्युरिटी गार्डको हकमा Basic Salary 1200 AED भएता पनि ओभरटाईम सहित AED 1800 भन्दा माथि हुनेछ ।
Cleaner को अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट मिती २०७६ फागुन २३ गते काठमाण्डौ, २४ इटहरी र २५ गते विर्तामोडमा हुनेछ ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
सामाखुशी, काठमाडौं फोन नं. ४३८५६३३
श्रम इजाजत नं. ८०६/०६५/६६
शाखा कार्यालय विर्तामोड, शनिश्चरे रोड, आइएमई बैकभित्रपट्टिको तेस्रो घर
फोन नं. ०२३-५४१०६०, ५४५३८८, ५४०९१७, मो. ९८०१०३३९७७, ९८०१०२३८१३, ९८०१०३३९७०, ९८१३४१६५१२
इटहरी सम्पर्क: ०२५-५८७६४५, ९८०२०२३८१३, ९८०२०२३८१२, ९८०१०२३८१२

## 'गुणस्तरीय सामान गणपतिको पहिचान'

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोड्युलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
प्रो. गोपाल सिटौला
९८५२६७१४२२,
९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ - पदम
९८१४०५२६०१ - राम

# पितृहरूको उद्धार गर्न श्रीमद् गरुड पुराण



**अर्जुनधारा, फागुन २२।** सम्पूर्ण पितृहरुको उद्धार गर्ने उद्देश्यले अर्जुनधारा-७ स्थित सामुहिक उद्धार तथा उपकार संघको आयोजनामा श्रीमद् गरुड पुराण सप्ताह ज्ञान महायज्ञ बिहीबारदेखि शुरु भएको छ ।

संघका अध्यक्ष विशाल शिवाकोटीको अध्यक्षतामा आयोजित महायज्ञको प्रमुख अतिथि दाता जयनारायण ढुंगानाले उद्घाटन गरेका थिए । आगामी फागुन २८ गते सम्पन्न हुने महायज्ञको प्रमुख वाचक पण्डित उदयनाथ दाहाल र उपवाचक पण्डित घनश्याम काफ्ले रहेका छन् ।

महायज्ञ अवधिमा दैनिक पूजा आरती, महात्मय कथा भजन कीर्तन, लक्ष्यवर्तीका दिप प्रज्वलन, पूर्णाहुती, तिलकपाती प्रसाद वितरण कार्यक्रम रहेको सदस्य होमप्रकाश अधिकारीले बताए ।

कार्यक्रममा अर्जुनधारा-७ वडा समितिका अध्यक्ष नवराम ढुंगाना 'नवीन', अर्जुनधारा जलेश्वर धामका मूल अर्चक अग्निप्रसाद सिग्देल लगायतले मन्तव्य व्यक्त गरेका थिए । उपाध्यक्ष रमेश त्रिखत्रीले स्वागत गरेको कार्यक्रमको सञ्चालन पूर्व सचिव राजेन्द्र काफ्लेले गरेका थिए ।

# मेलमिलाप तालिम सम्पन्न

**गौरीगञ्ज, फागुन २२।** गौरीगञ्ज गाउँपालिकाको कार्यलयमा गाउँ समाजमा हुने विवादलाई समुदायमै सहजरूपमा मिलाउन सात दिने सामुदायिक मेलमिलाप आधारभूत तालिम सम्पन्न भएको छ ।

गौरीगञ्ज गाउँपालिकाको न्यायिक समितिले फागुन १५ गतेदेखि २१ गतेसम्म सञ्चालन गरेको तालिममा गाउँपालिकाभित्र रहेका ४८ जना मेलमिलापकर्ताहरु सहभागी भएका थिए । गौरीगञ्ज गाउँपालिकाको सभाहलमा सञ्चालन गरिएको सामुदायिक मेलमिलाप आधारभूत प्रशिक्षण तालिममा स्थानीय स्तरमा परेका उजुरीहरूलाई मेलमिलापको आधारमा गरिने न्याय सम्पादनमा सहजता ल्याउन न्यायिक समितिका सदस्यहरूलाई प्रशिक्षण दिएको गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक दिपिन्द्र थापाले बताए ।

नेपाल बार एशोसिएसन झापाका पूर्व अध्यक्ष तथा अधिवक्ता अमृत बुढाथोकी र अधिवक्ता देवी निरौलाले न्याय सम्पादनमा आईपर्ने समस्याको पहिचान र समाधानका उपायका बारेमा सहजीकरण गरेका थिए । सहजीकरणका क्रममा विवादको पहिचान र त्यसको मेलमिलाप, मेलमिलापकर्ताले मेलमेलाप गराउदा अपनाइने विधि, सहजीकरण गर्ने सीप, मेलमिलापका चरणहरु र विद्यमान स्थानिय निकायमा पारित भएको न्याय तथा मेलमिलाप कार्यविधि लगायतका बिषयहरुमा प्रशिक्षण दिइएको थियो ।

त्यसैगरी सहजकर्ताहरूले कानून सम्बन्धी ज्ञान, फौजदारी तथा देवानी मुद्दा सम्बन्धी ज्ञान, समाजमा रहेका विवादलाई मिलाएर राख्न सक्ने क्षमताको विकास, मुद्दा मिलाउन सकिने र नसकिने ज्ञान, मेलमिलापकर्ताको गुण, मेलमिलापकर्ताको रूपमा आफूलाई मानसिकरूपमा तयार पार्ने, सामाजिक न्याय, लैङ्गिकता र मानवअधिकारको अवधारणा, मेलमिलाप सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरू लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

प्रशिक्षणमा सहभागी भोला खतिवडाले प्रशिक्षणका विषयमा प्रतिवेदन प्रस्तुत गरेका थिए भने मूल्यांकन कैलाश मास्केले गरेको कार्यक्रममा सहभागीहरूलाई न्यायिक समितिका संयोजक दिपिन्द्र थापाले मेलमिलापकर्ताले पालना गर्नुपर्ने आचार-संहिताको सपथ खुवाएका थिए ।

कार्यक्रममा सहभागीका तर्फबाट नौताली राजवंशी र पर्शुराम काफ्लेले बोलेका थिए भने सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । प्रशिक्षण कार्यक्रमको उद्घाटन गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले गरेको कार्यक्रमको स्वागत न्यायिक समितिका सदस्य हेमा आचार्यले गरेकी थिइन् ।

तालिमको समापन कार्यक्रममा न्यायिक समितिका संयोजक दिपिन्द्र थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन न्यायिक समितिका सदस्य राजेन्द्र ताजपुरियाले गरेका थिए । गौरीगञ्ज गाउँपालिकाको १ देखि ६ सम्ममा प्रत्येक वडामा पाँच र पाँच जना सहजकर्ताहरू रहेका छन् ।



## प्रविधिमा फड्को मार्दै

# देवी मावि

**बिर्तामोड, फागुन २२।** अझै पनि सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कमजोर छ भन्दै आफ्ना नानीहरु निजी विद्यालय अध्ययन गराउनेको जमात ठूलै छ । 'गुणस्तरीय शिक्षा र अंग्रेजी मोह'का कारण महँगो शुल्क तिरेर पनि आफ्ना नानीहरु निजी विद्यालय अध्ययन गराउनेलाई चुनौति दिएको छ- बिर्तामोड नगरपालिकामा रहेको देवी माध्यमिक विद्यालयले ।

दुई हजार तीन सय विद्यार्थी अध्ययनरत् रहेको देवी माध्यमिक विद्यालयमा पछिल्लो समय प्राविधिक शिक्षा अध्ययन अध्यापन हुन थालेपछि विद्यार्थीको चाप बढेको प्रधानाध्यापक अम्बिका श्रेष्ठले बताइन् । 'अहिले विद्यालयमा दैनिक पाँच सय विद्यार्थीले नियमित कम्प्युटर शिक्षा लिइरहेका छन्' -प्रधानाध्यापक श्रेष्ठले भनिन्- 'विद्यालयमा विगत दुई वर्षदेखि व्यवस्थित कम्प्युटर ल्याव सञ्चालनमा ल्याएपछि विद्यार्थीको आकर्षण अझ बढेको हो । ४१ वटा कम्प्युटर र ल्यापटपको प्रयोग गर्दै विद्यार्थीलाई अहिले कम्प्युटर शिक्षा दिइन्छ । जसका लागि कम्प्युटर विषयमा स्नाकोत्तर गरेको शिक्षक र टेक्निसियनको छुट्टै व्यवस्था गरिएको छ ।'

विद्यालयमा अहिले दुरसञ्चार प्राविधरण काठमाडौंले समेत २५ लाख रुपैयाँ बराबरको कम्प्युटर ल्यावका लागि सामग्री प्रदान गरेको छ । जसका लागि समेत छुट्टै ल्याव कक्ष निर्माण गरिने उनको भनाई छ । प्राधिकरणले २४/२४ वटा मोनिटर र सिपियु, १६ वटा ब्याट्री, २४ वटै कम्प्युटरलाई व्याकअप दिनसक्ने गरिको युपियस, एक थान प्रोजेक्टर चार वटा सीसी क्यामेरा, साउण्ड सिस्टमसहितका सामग्री उपलब्ध गराएको विद्यालयका शिक्षक उमेश साहले जानकारी दिए । बिद्यालयमा थप कम्प्युटर ल्याब सञ्चालनका लागि प्राधिकरणले सहयोग गरेपछि थप दुई सय ५० बढीभन्दा बढी विद्यार्थीले कम्प्युटर शिक्षा लिन पाउने भएका छन् ।

'अहिले विद्यालयमा बिहान ६:२० देखि नियमित कम्प्युटर शिक्षा अध्ययन अध्यापन हुँदै आएको छ' -प्रधानाध्यापक श्रेष्ठले भनिन्- 'विद्यालयको शैक्षिक पाठ्यक्रम भित्रै कम्प्युटर शिक्षालाई पनि राखिएकाले रुटिङ अनुसार विद्यार्थीले ग्रुप बनाएर कम्प्युटर सिकिरहेका छन् ।'

विशेषगरी कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयले बिहानी सत्रमा कम्प्युटर शिक्षा प्रदान गर्दै आएको छ । त्यसको अतिरिक्त विद्यालयमा अन्य विषयमा समेत व्यावहारिक ज्ञान प्रदान गर्दै विद्यार्थीलाई दक्ष बनाउने काम गरिरहेको बताइएको छ ।

विद्यालयमा नै व्यवस्थित साइन्स ल्याव सञ्चालनमा भएकाले अहिले विद्यालयले विज्ञान तथा कला प्रदर्शनीको आयोजना गरेको छ । फागुन २८ र २९ गते हुने गरी विज्ञान तथा कला प्रदर्शनी राखिएपनि कोरोनाको त्रासका कारण प्रदर्शनी स्थगन गर्नु परेको विद्यालयका शिक्षक साहले बताए । प्रदेश नम्बर १ कै उत्कृष्ट र व्यवस्थित विज्ञान प्रविधि तथा कला प्रर्दशनी कार्यक्रम तय गरेका थियौ शिक्षक साहले भने-'कोरोनाको सन्त्रास विश्वभर फैलिएपछि कार्यक्रम स्थगन भएको हो । केही दिनपछि यसलाई रुचारु गर्छौं ।'



विद्यालयमा आयोजना गर्न लागिएको प्रदर्शनीमा १० लाखभन्दा बढी खर्च लाग्ने र ८० बढी स्टलको तयारी गरिएको साहको भनाई छ । जिल्लाभरका विद्यालयहरुलाई सहभागी गराउँदै विद्यार्थीको प्रतिभालाई उजागर गर्दै उत्कृष्ट प्रतिभा छनौट गरिने कार्यक्रम रहेको उनको भनाई छ । अहिले देवी माध्यमिक विद्यालयका विद्यार्थीले पढाई सँगै प्राविधिक ज्ञान समेत सिकिरहेका छन् ।

पूर्वाञ्चलकर्मी बिहीवार विद्यालय पुग्दा कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थी कोही डिजिटल सिटीको अवधारणामा विज्ञानका सामग्री बनाउन व्यस्त थिए त कोही फिजिक्स र कम्प्युटरका सामग्री बनाउन व्यस्त देखिन्थे । विद्यार्थीहरुले ४० भन्दा बढी समूह बनाएर अहिले विद्यालयमा ड्रोन, पानी जहाज, राडर, वेदर स्ट्याण्ड, स्मार्ट ब्लायड स्टिक, अफ ट्याकल एबोडिड रोवर्ड, आएफआइडी स्मार्ट गेम्स जेसीभी, स्मार्ट सिटी, रकेट तथा प्राचीन युगको साभ्यता झल्काउने चित्रहरु बनाउन तल्लीन छन् ।

'विज्ञान शिक्षकको सहयोगमा उनीहरुले आफूले अध्ययन गरेको ज्ञान र सिपलाई व्यवहारमा उतारेको देख्दा आनन्द हुँदोरहेछ' -विद्यालयकी प्रधानाध्यापक श्रेष्ठले भनिन्- 'विद्यार्थीको मनोवल बढाउन उनीहरुले सिक्न चाहेको कुरा हामी आफैंले तयार गरिदिन्छौं । अहिले विज्ञान तथा कला प्रदर्शनीका लागि मात्रै विद्यालयले तीन लाख रुपैयाँभन्दा बढीको सामग्री हामीले विद्यार्थीलाई खरिद गरिदिएका छौं उनीहरुले त्यही सामग्रीलाई सदुपयोग गर्दै ज्ञान्त्रिक उपकरण बनाउँछन् । विद्यार्थीले बनाएको ड्रोन लगायतका सामग्रीको सफल परीक्षण समेत गरिएको छ । विद्यार्थीले बनाएको ड्रोन उडाउने क्रममा नयाँ बसपार्कसम्म पुगेको र रिमोर्ट कन्ट्रोलबाट विद्यार्थीले नै सफल अबतरण गराएको प्रधानाध्यापक श्रेष्ठले बताएन् ।

विद्यार्थीले तयार गरेको स्मार्ट सिटीका विषयमा बताउँदै उनले भनिन्- 'अबको स्मार्ट सिटी सबै कुराले भरिपूर्ण हुनुपर्छ । बिर्तामोड नगरपालिकालाई लक्षित गर्दै हाम्रो नगर यस्तै होस् भन्ने सन्देश प्रवाह गर्न विद्यार्थीले स्मार्ट सिटी बनाएका छन् । विद्यार्थीले बनाएको स्मार्टसिटीमा गुड्ने सवारी र सहर पनि स्मार्ट नै कल्पना गर्दै विद्यार्थीले सामग्री नै तयार गरे प्रधानाध्यापक श्रेष्ठले भनिन्- 'अध्यारो सडकमा गुड्ने सवारीको लाइट आफैं बल्छ, उज्यालो हुँदा आफैं बन्द हुन्छ त्यस्तो सवारीको विकास गरेका छन् भने सडक पनि त्यही अनुसारले विद्यार्थीले कल्पना गर्दै तयार गरेका छन् ।'

'विद्यार्थीले बनाएको स्मार्ट सिटी विदेशी सहरलाई लक्षित गर्दै बनाएको छ । जुन सीटी विद्यार्थीले विज्ञान प्रदर्शनीका क्रममा देखाउने छन्' -प्रधानाध्यापक श्रेष्ठले भनिन् । विद्यार्थीले आफैं वेदर नाप्ने उपकरण, दृष्टिविहीनका लागि सहारासिद्ध हुने छडी, अफ ट्याकल एवोडिड रोवट तयार गरिएको छ सबै सामग्री विज्ञान प्रदर्शनीमा राखिने छ । किताबी ज्ञान सँगै व्यावहारिक शिक्षा पनि दिन शुरु गरेकै कारण देवी माविमा विद्यार्थीको आकर्षण बढेको बताइन्छ ।

## त्यागी जनप्रतिनिधि

# सांसद सुविधाको रकम समाजसेवामा



बाग्मती प्रदेशका प्रदेश सभा सदस्य दीपेन्द्र श्रेष्ठ जनप्रतिनिधिहरूका निम्ति एक उदाहरणीय पात्र बनेका छन् । आफ्नो त्यागी स्वभाव र व्यवहारले उनी जनताका रूचाइएका सांसद बनेका छन् यतिबेला । निष्ठाको राजनीति गर्न आफूलाई आमाबाट प्रेरणा मिलेको बताउने उनी सामाजिक सञ्जालमार्फत आफ्नो पारिश्रमिक तथा भत्ताको वार्षिक खर्च विवरण सार्वजनिक गर्छन् र त्यो रकम सामाजिक कार्यका लागि प्रदान गर्छन् ।

देश तीन तहको संरचना अनुसार अघि बढिरहेको अवस्थामा उच्च सरकारी तहका व्यक्ति, मन्त्री, सांसद र धेरै स्थानीय तहका जनप्रतिनिधि भ्रष्टाचार र 'मोह'को राजनीतिमा मुछिइरहेको बेला उनको त्यो त्यागी स्वभाव र व्यवहारले उनको क्षेत्रमा मात्रै होइन यतिबेला सबैतिर उनी प्रशंसाको पात्र बनेका छन् ।

प्रदेश सभा सदस्य भए बापत मासिक ४५ हजार रूपैयाँ र घर भाडाबापत मासिक १५ हजार रूपैयाँ प्राप्त गर्दै आएका उनी मासिक ६० हजार रूपैयाँ बुझेर त्यो रकम सामाजिक सेवाका लागि प्रदान गर्छन् । उनले प्रदान गर्ने रकमबाट धेरै सामाजिक कार्य सम्पन्न भएकोमा उनको निर्वाचन क्षेत्रका नागरिक हर्षित बनेका स्थानीय प्रविन निरौलाले बताए । उनको सो कार्य जनप्रतिनिधिका लागि उदाहरण बन्न सकेको घट्टेकुलो सामुदायिक समाज काठमाडौंका उपाध्यक्ष प्रभातमणी ओझा (प्रविण)ले बताए ।

पारिश्रमिक सामाजिक सेवाका लागि सार्वजनिक गर्दा धेरै सांसदहरूको विरोध आएको बताउने उनले विरोधभन्दा जनताको पक्षबाट स्याबासी अति नै धेरै आएकाले आफूलाई सामाजिक कार्य गर्न अझ बढी प्रेरणा मिलेको बताए । सांसद श्रेष्ठको घर काठमाडौंको बानेश्वरमा छ । उनकी श्रीमती उप-प्राध्यापक छिन् ।

सांसद श्रेष्ठ समाजसेवालाई नै आफ्नो पहिलो कर्म ठान्छन् । उनी भन्छन्- 'भगवानको कृपाले दुईछाक खान र बस्न मिलेको छ, निष्ठाको राजनीति रोजेको छु, म राजनीतिलाई समाज सेवासँग जोड्छु, राजनीति गरेर कमाउनु छैन ।'

२०५१ मा शंकरदेव क्याम्पसको स्ववियु सहसचिवबाट राजनीति शुरू गरेका उनी २०५३ मा शंकरदेव स्ववियु सभापति, २०५६ मा नेवि संघ काठमाडौं सभापति, २०६१ मा नेवि संघ केन्द्रीय सहमहामन्त्री, क्षेत्रीय उपसभापति, महाधिवेशन प्रतिनिधि हुँदै प्रदेश सांसद बनेका छन् । बाग्मती प्रदेश सभाका सांसद श्रेष्ठ काठमाडौंको निर्वाचन क्षेत्र नम्बर १ (क) बाट नेपाली कांग्रेसका निर्वाचित सांसद हुन् । उनी वाम गठबन्धनभन्दा एक हजार छ सय ५० मत बढी ल्याएर विजयी भएका थिए ।



प्रस्तुति : अनिल वाग्ले


# UAE को आबुधावीमा PSBD सेक्युरेटी गार्डको आवशकता

Securiguard Middle East | Abu Dhabi, UAE

पुर्व स्वीकृति मिति : 2019/11/17 पुर्न विज्ञापन स्वीकृति मिति : २०७६/११/२० चलानी नं : ८४७ Lt No : 227241

| कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काममर्ने दिन | दिनमा काममर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guards (Male) | 292 | काममा अनुभव | 2000 | ६३000।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

नोट :
१) बेसिक सेलरी २००० दिराम भएता पनि ओभर टाईम र एलाउन्स गरी २७७० दिराम सम्म हुनेछ ।
२) कम्तिमा SLC पास गरी अङ्ग्रेजी राम्रो बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उचाईको हकमा ५ फुट ६ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
३) फाईनल अन्तरवार्ता दिन आउदा सक्कल राहदानी, अनुभव र शैक्षिक योग्यताका प्रमाणपत्रहरु साथमा लिएर आउनुपर्नेछ ।

फाईनल अन्तरवार्ता सम्बधित कम्पनिको प्रतिनिधिबाट चैत ९ गते विर्तामोडको होटल होलिड होममा हुनेछ ।

भिषा Approval रेडी भएकोले १५ दिनमा प्राप्त हुनेछ ।

सनलाइट हयुमन रिसोर्स प्रा.लि
सामाखुसी, काठमाडौं, नेपाल फोन नं. ०१- ४३८४३०
मो. नं. ९८०१०३३९७४/९८०१०३३७७/९८०१०२३८१३
९८०१०३३९७०,९८१९०३७३७०, ९८०१४०८२८३